# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक १७६ | काठमाडौं | आइतबार, ६ कात्तिक २०७९ | Prabhab National Daily | Sunday, October 23, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–




मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं ।
- नियमित रूपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सी चिनफिङ तेस्रो कार्यकालका लागि महासचिव चयन



■ प्रभाव संवाददाता

**काठमाडौं–** चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)को महासचिवमा पुनः सी चिनफिङ चयन भएका छन् । शनिबार सीलाई तेस्रो कार्यकालका लागि महासचिव चयन गर्दै सिपिसीको २०औं महाधिवेसन सम्पन्न भएको हो ।

सबै पार्टी सदस्य पार्टी केन्द्रीय समिति र समग्र पार्टीपंक्तिले पार्टी महासचिव सीको राजनीतिक र पदीय स्थितिलाई समर्थन गरेका छन् । महाधिवेसनले २०५ सदस्यीय केन्द्रीय कमिटी चयन गरेको छ ।

गत १६ अक्टोबरदेखि राजधानी बेइजिङमा सुरु भएको महाधिवेसनले 'सी विचारधारा'लाई थप मजबुत बनाउने निर्णय गरेको छ । सी विचारधारालाई सिपिसीले सन् २०१७ मा सम्पन्न १९औं राष्ट्रिय महाधिवेसनबाट स्वीकृत गरिसकेको थियो । यसमा सीले चिनियाँ विशेषता अनुसारको नयाँ चिनियाँ समाजवादी समाज निर्माण गर्ने अवधारणा राखेका छन् ।

महाधिवेसनबाट शक्तिशाली पोलिटब्युरो स्ट्यान्डिङ कमिटीका सदस्यहरू प्रधानमन्त्री ली खछ्याङ, ली चान्सु, वाङ याङ र हान झेनलाई बिदाइ गरिएको छ । वाङ चीनको पिपुल्स पोलिटिकल कन्सलटेटिभ कन्फरेन्सको अध्यक्ष हुन् । हान उपप्रधानमन्त्री, ली चान्सु चिनियाँ जनकंग्रेसका अध्यक्ष हुन् । पार्टीभित्र तेस्रो वरीयतामा रहेका लीले भदौको अन्तिम साता नेपालको भ्रमण गरेका थिए । प्रधानमन्त्री ली दोस्रो वरीयतामा रहेका थिए ।

सामान्यतया चीनमा ६८ वर्षभन्दा बढी भएका नेताहरूलाई जिम्मेवारीबाट अवकास दिने गरिएको छ । तर, ६९ वर्षीयस्टेट काउन्सिल तथा विदेशमन्त्री वाङ यी भने केन्द्रीय कमिटीमा परेका छन् । २०५ सदस्यीय केन्द्रीय कमिटीमा महिला ११ जनामात्रै रहेका छन् ।

आगामी आइतबार बस्ने नवनिर्वाचित केन्द्रीय कमिटी बैठकबाट पोलिटब्यूरो र पोलिटब्यूरो स्थायी समिति चयन गर्ने बताइएको छ ।

### 'फ्रि भिसा, फ्रि टिकट'को आश्वासन

# बेरोजगार युवाको मत तान्ने 'अस्त्र'

■ मोहनप्रसाद पन्त



सन्दर्भ : वैदेशिक रोजगार

> अहिले पनि युवाहरु नेताको सोर्स फोर्सबाटै फ्रि भिसा, फ्रि टिकटमा विदेश गइरहेका छन् । अधिकांशले म्यानपावर व्यवसायीलाई मोटो रकम बुझाउनुपर्ने अवस्था विद्यमान छ, यसको सही अनुगमन र कार्यान्वयन नहुँदा नेताहरुले भोट माग्ने भाँडो बनाएका छन् ।
>
> ■ डा. गणेश गुरुङ
> आप्रवासनविज्ञ

**काठमाडौं–** बेरोजगार युवाहरूको मत आकर्षित गर्न सत्ता गठबन्धन दलका उम्मेदवारहरू 'फ्रि भिसा, फ्रि टिकट'को आश्वासन दिँदै गाउँ-गाउँ पुगेका छन् । उनीहरूले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको सम्मुखमा निर्वाचन अचारसंहिता उल्लंघन गर्दै युवाहरूलाई विदेश पठाउँदा 'फ्रि भिसा, फ्रि टिकट'मा पठाइने आश्वासन बाँड्दै मत मागेका छन् ।

नेपाली राजनीतिमा प्रभाव जमाइसकेका पूर्वप्रधानमन्त्री एवं रौतहटबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार माधवकुमार नेपाल, पूर्वश्रममन्त्री एवं बारा क्षेत्र नं. ४ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार कृष्णकुमार श्रेष्ठ, प्रधानमन्त्री शेरबहादुर देउवा पत्नी एवं कांग्रेसको समानुपातिकतर्फका उम्मेदवार आरजु राणा देउवाले चुनावी अभियानका क्रममा युवाहरूको मत तान्ने उद्देश्यका साथ फ्रि भिसा, फ्रि टिकटको व्यवस्था गर्ने र रोजगारीका लागि विदेश पठाइदिने खुला उद्घोष नै गरे । नेकपा एकीकृत समाजवादीका अध्यक्षसमेत रहेका नेपालले आफ्नो चुनावी क्षेत्रमा जित्नैपर्ने दबाब महसुस गर्दै युवाहरूलाई फ्रि भिसा, फ्रि टिकटको आश्वासन बाँड्दै आफूलाई मत हाल्न आग्रह गरे ।

कानुनतः सरकारी व्यवस्थामा रहेको फ्रि भिसा, फ्रि टिकटको प्रवाधानलाई बेवास्ता गर्दै नेता नेपालले आफ्नै पहलमा युवाहरूलाई निःशुल्क वैदेशिक रोजगारीमा पठाउन लागेको जस्तै अभिव्यक्ति दिए । आइतबार रौटतहटमा भएको चुनावी कार्यक्रममा स्थानीय भाषामा सम्बोधन गर्दै आफूले चुनाव जिते युवाहरूलाई निःशुल्क विदेश पठाइदिने उद्घोष गरे । 'फ्रि का मतलब विनाढेउवा के । विनाढेउवाको भिसा मिल्ते हे, टिकट मिल्ते हे, काठमाडौंमे तालिम मिल्ते हे,' उनले भने । चुनाव जित्नलाई फ्रि भिसा, फ्रि टिकटको हतियार बनाएका नेता नेपालले सम्बोधन गरेको भिडियो सार्वजनिक भइसकेपछि निर्वाचन आयोगले स्पष्टीकरणमात्र सोधेन, आवश्यक अनुसन्धानका लागि रौतहट प्रहरीलाई पत्राचारसमेत गरेको छ । नेपालमाथि कस्तो कारबाही हुने हो ? त्यसबारे आयोगले प्रस्ट पारेको छैन ।

यस्तै युवाहरूलाई फ्रि भिसा, फ्रि टिकटको आश्वासन बाँडेर चुनाव जित्न खोज्ने अर्का उम्मेदवार श्रेष्ठ वैदेशिक रोजगारीका जानकार व्यक्ति हुन् । उनी पनि नेकपा एकीकृत समाजवादीबाट गठबन्धन दलका साझा उम्मेदवार हुन् । नेता श्रेष्ठ फ्रि भिसा, फ्रि टिकटका विरोधी मानिन्छन् । उनले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री हुँदा फ्रि भिसा, फ्रि टिकटको प्रावधान अव्यवहारिक, अवैज्ञानिक र अन्तर्राष्ट्रिय अभ्यासविपरीत भएको भन्दै २०७८ मा पुनरवलोकनका लागि कार्यदल नै गठन गरेका थिए । तर, सरकारले नै फ्रि भिसा, फ्रि टिकटमा नेपाली युवाहरूलाई वैदेशिक रोजगारीका लागि पठाउने कानुन लागू गर्ने मन्त्रालयको नेतृत्व गरेका श्रेष्ठ युवाहरूलाई भ्रमपूर्ण आश्वासन बाँडेर चुनाव जिल्ने ध्याउन्नमा लागे । उनलाई पनि निर्वाचन आचारसहिंता उलंघन गरेको प्रमाणका आधारमा आयोगले स्पष्टीकरण माग्यो । आयोगले स्पष्टीकरण मागे पनि कारबाही भने गरेको छैन ।

फ्रि भिसा, फ्रि टिकटको हतियार देखाएर मत माग्ने अर्की नेता हुन्- आरजु । उनले स्थानीय तहको निर्वाचनमा नै डडेलधुरा पुगेर स्थानीय युवाहरूलाई निःशुल्क विदेश पठाउने आश्वासन दिँदै आफ्ना उम्मेदवारलाई भोट दिएर जिताउन अपिल गरेकी थिइन् । यही सन्देश लिएर असोज २४ गते आरजु फेरि डडेलधुरा पुगिन् र कांग्रेस सभापतिसमेत रहेका आफ्ना पति देउवालाई जिताए फ्रि भिसा, फ्रि टिकटमा युवाहरूलाई विदेश पठाउने कुरा दोहोर्‍याइन् । उनले पनि सरकारी नियमको धज्जी उडाउँदै मलेसियामा ४०० भन्दा बढीलाई फ्रि भिसा, फ्रि टिकटमा विदेश पठाइसकेको भन्दै देउवालाई चुनाव जिताए फेरि यस्तै स्किम ल्याउने प्रलोभन देखाइन् । उनको यो अभिव्यक्तिलाई निर्वाचन आचारसहिंताविपरीत भएको भन्दै आयोगले स्पष्टीकरण लिए पनि कारबाही गर्न सकेको छैन । उनलाई आयोगले स्थानीय तह निर्वाचनमा पनि स्पष्टीकरण मागेको थियो । यद्यपि, आरजुले आयोगको स्पष्टीकरणलाई लत्याउँदै आएकी छन् ।

आफू जित्नका लागि चुनावको मुखमा विभिन्न आश्वासन बाँड्दै मत माग्नु नेताहरूको नियति रहे पनि कानुनमा नै व्यवस्था भएको फ्रि भिसा, फ्रि टिकटको प्रावधानलाई भोट माग्ने अस्त्र बनाउनु गलत भएको समाजशास्त्री तथा आप्रवासनविज्ञ डा. गणेश गुरुङले बताए । नेताहरूले दिएको आश्वासनबाट सरकारले गरेको फ्रि भिसा, फ्रि टिकटको व्यवस्था कार्यान्वयनमा जटिलता रहेको प्रस्ट्याउने गुरुङको भनाइ छ ।

'अहिले पनि युवाहरू नेताहरूको सोर्स फोर्सबाटै फ्रि भिसा, फ्रि टिकटमा विदेश गइरहेका छन्,' उनले भने, 'अधिकांशले म्यानपावर (**बाँकी पृष्ठ ३ मा**)

# दाहाल–नेपाललाई कांग्रेसी मतको पिर

■ प्रभाव संवाददाता

> गत स्थानीय तहको चुनावमा कांग्रेसी मतदाताले धोका दिँदा अपेक्षित परिणाम नआएको दुवै माओवादी र समाजवादीको निष्कर्ष थियो । त्यही कारण यसपटक चुनावी प्रचारका क्रममा दुवै नेताले मत नआउने हो कि भन्ने आशंका व्यक्त गरेका हुन् ।

**काठमाडौं–** प्रधानमन्त्री शेरबहादुर देउवासामु नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले चुनावमा कांग्रेसी मतदाताको मत आउनेमा शंका व्यक्त गरिरहेका छन् । मत नदिए गठबन्धन नै हार्ने र चुनावपछि स्थिति खराब हुने उनीहरूको चेतावनी छ ।

गत स्थानीय तहको चुनावमा कांग्रेसी मतदाताले धोका दिँदा अपेक्षित परिणाम नआएको दुवै माओवादी र समाजवादीको निष्कर्ष थियो । त्यही कारण यसपटक चुनावी प्रचारका क्रममा दुवै नेताले मत नआउने हो कि भन्ने आशंका व्यक्त गरेका हुन् । उनीहरूले इमान्दारीपूर्वक मतदानका लागि जोड दिएरै आग्रह गरिरहेका छन् । भिन्न चुनाव चिह्नमा मतदान गर्न असहज हुने भए पनि हिच्किचाउन नहुने बताउने गरेका छन् ।

शनिबार प्रदेश १ को विराटनगर पुगेर दाहालले भने, 'रुख चिह्नवालालाई हँसिया हथौडा र हँसिया हथौडावालाहरूलाई रुख चिह्नमा अलिक असहज होला । कलमवालालाई पनि रुख र हँसिया हथौडामा भोट हाल्न सहज नहोला तर जे-जे समस्या भए पनि निर्वाचनपछि समीक्षा गरौं । यदि, चुनाव हार्‍यौं भने हामी सबैको हालत खराब हुन्छ ।'

दाहालले मधेस प्रदेशको जनकपुरमा पनि इमान्दारीपूर्वक गठबन्धन दलका जुनसुकै चुनाव चिह्नमा मतदान गर्न मतदाताहरूलाई आग्रह गरे । गठबन्धनले चुनाव जितेको अवस्थामा मात्र अवसर आउने पनि उनले बताए ।

लुम्बिनीमा शुक्रबार आयोजित गठबन्धनकै कार्यक्रममा दाहालले गठबन्धनको मर्म र देशको आवश्यकतालाई बुझेर मतदान गरी गठबन्धनलाई चुनाव जिताउनुपर्ने बताएका थिए । त्यसयता लगातार उनी यही कुरा दोहोर्‍याइरहेका छन् ।

दाहालले जसरी एकीकृत समाजवादीका अध्यक्ष नेपालले पनि कलम चिह्नमा मतदान नगर्ने हुन् कि भनेर चिन्ता प्रकट गर्दै आएका छन् ।

उनले दाहाल र आफूले साथ दिँदा मात्र एमाले अध्यक्ष केपी शर्मा ओलीको सरकार ढलेको र देउवा नेतृत्वमा सरकार बनेको भन्दै रुख चिह्नवाला मतदाताले हँसिया हथौडा र कलम चिह्नमा मतदान गर्न हिच्किचाउन नहुनेमा जोड दिए । 'मैले र प्रचण्डजीले विद्रोह नगरेको (**बाँकी पृष्ठ ५ मा**)

## देउवाको ढाडस

**काठमाडौं (प्रस)–** गठबन्धनको प्रमुख दल नेपाली कांग्रेसका सभापतिसमेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले गठबन्धनको सहमतिअनुसार नै कांग्रेसी मतदाताले मत हाल्ने दाहाल र नेपाललाई आश्वासन दिएका छन् । आफूले पहिले नै हँसिया हथौडामा मत हालिसकेको भन्दै कार्यकर्ताले पनि मत हाल्ने उनले दाबी गरे । उनले गठबन्धनले कुनै पनि हालतमा चुनाव जित्नुपर्नेमा जोड दिए ।

'हँसिया हथौडामा भोट हाल्न किन लजाउनु ? लगाउनुपर्ने कारण छैन । पहिला न्याय-अन्याय जे भए पनि बिर्सनू, गठबन्धनलाई भोट हाल्नू । माधवजीको कलममा भोट हाल्न किन अप्ठ्यारो मान्ने ?,' कार्यकर्तालाई विराटनगरमै देउवाले भने ।

चुनावमा मतदान गर्न अलमलिन नहुने प्रधानमन्त्री देउवाको आग्रह छ । 'जहाँ रुख छ, त्यहाँ रुखमा भोट हाल्नुहोस् । जहाँ हँसिया हथौडा र कलम छ त्यहाँ त्यही चिह्नमा मतदान गर्नुहोस्, कुनै कन्फ्युजनमा नपर्नुहोस्,' देउवाले भने, 'यसपटक मतदान गर्न सजिलो छ ।'

वर्तमान गठबन्धन संविधान र गणतन्त्रको रक्षाका लागि बनेको प्रधानमन्त्री देउवाको भनाइ छ । अझै संविधान र गणतन्त्र एमाले अध्यक्ष केपी शर्मा ओलीका कारण खतरामा रहेको भन्दै आगामी चुनावमा गठबन्धनका उम्मेदवारहरूलाई मत दिएर जिताउन देउवाले जोड दिए । कांग्रेस नेतृत्वको गठबन्धनमा माओवादी केन्द्रसँगै एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा छन् ।

चुनावपछि सरकार गठनसम्मै गठबन्धनले निरन्तरता पाउने गठबन्धनका नेताहरूले बताउने गरेका छन् । तत्कालीन प्रधानमन्त्री ओलीले पछिल्लोपटक ८ जेठ २०७८ मा संसद् विघटन गरेपछि गठबन्धन बनेको हो । गठबन्धनले स्थानीय चुनावमा ओली नेतृत्वको एमालेविरुद्ध लडिसकेको छ । आगामी चार मंसिरमा हुने चुनावमा पनि ओली र उनी नेतृत्वको दल एमाले नेतृत्वको गठबन्धनसँग चुनाव लड्ने भएको हो ।


भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. १, सुनसरी, नेपाल

जनहितमा जारी सन्देश

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरू

उच्च ज्वरो आउनु

जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु

आँखाको गेडी दुख्नु

बेस्सरी टाउको दुख्नु

शरीरमा राता बिमिराहरु आउनु

वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।

घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।

( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

# जलवायु परिवर्तनबारे मुद्दा पेचिलो बन्दै

■ भीष्मराज ओझा

**काठमाडौं–** जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसिसिसी) को पक्ष राष्ट्रको २७औं सम्मेलन (कोप-२७) मा जलवायु परिवर्तनबाट हुने हानि तथा नोक्सानीसम्बन्धी मुद्दा पेचिलो हुने देखिएको छ। कोप-२७ आगामी कात्तिक २० देखि मंसिर २ गते (नोभेम्बर ६ देखि १८ तारिख) सम्म इजिप्टको शार्म अल शेखमा हुँदैछ।

सम्मेलनमा अल्पविकसित राष्ट्रहरूको समूह र जी ७७ एवं चाइना समूहले हानि तथा नोक्सानी वित्तको छुट्टै व्यवस्थाको मागलाई उठाउने तयारी गरेका छन् भने अधिकांश विकसित राष्ट्रहरू हानि तथा नोक्सानीलाई छुट्टै सहयोग र व्यवस्था गर्ने पक्षमा छैनन्। उनीहरूको भनाइमा हानि तथा नोक्सानी वित्त अनुकूलनभित्र पर्दछ र यसले नसमेटेका विषय मानवीय सहायता कोषमार्फत गरिने सहयोग हो भन्ने छ। तर नेपाल लगायतका अल्पविकसित राष्ट्रहरू र जी ७७ एवं चाइना समूहले हानि तथा नोक्सानी वित्तमा थप सहयोग हुनुपर्ने माग गर्दै आएका छन्। गत जुनमा भएको 'बोन बैठक'मा हानिनोक्सानीलाई औपचारिक एजेन्डा बनाउन पहल गरे पनि सफलता हासिल हुन सकेन। सम्मेलनमा यो विषय औपचारिक एजेन्डामा समावेश भए तापनि छुट्टै वित्तीय व्यवस्थाको माग पूरा हुनेमा आशावादी हुन सकिने संकेत अझै देखिएको छैन।

स्टकल्यान्ड ग्लास्गोमा गत वर्ष सम्पन्न कोप-२६ मा हानि तथा नोक्सानीसम्बन्धी काम गर्ने संयन्त्र (सेन्टियागो नेटवर्क) लाई स्थापना गरेर कार्यान्वयनमा ल्याउनका लागि एक वर्षभित्रमा थप काम गर्दै जाने सहमति भएको थियो।

नेपालले पनि कोप-२७ सम्मेलनमा सेन्टियागो हानि तथा नोक्सानी संयन्त्रको प्रगति र हानि तथा नोक्सानी वित्तलाई औपचारिक रूपमा एजेन्डामा राखेर हानि तथा नोक्सानी वित्त व्यवस्था सुनिश्चित गर्न पहल गर्ने वन तथा वातावरण मन्त्रालयले जनाएको छ।

**कोप-२७ मा नेपालको प्राथमिकता**

यसबाहेक नेपालले विज्ञानमा आधारित तथ्यलाई मध्यनजर गरी उत्सर्जन न्यून गर्ने र वित्तसम्बन्धी निर्णय लिनुपर्नेमा जोड दिने मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख सहसचिव डा बुद्धिसागर पौडेलले जानकारी दिए।

यसैगरी हिमाल र योसँगै जोडिएका क्षेत्रको पृथक पहिचान, संकटापन्नता तथा जोखिम र यहाँको अनुकूलन वृद्धिका उपायबारे बहसहरूमा समावेश गर्ने तयारी नेपालको छ। उनले भने, 'कोप २७ मा नेपालले पर्वतीय मुद्दामा नेतृत्व गर्नेछ। हामीले विश्वका उस्तै समस्या भएका पर्वतीय मुलुकहरूसँग सहकार्य रणनीति बनाउन पनि आवश्यक छ र यसको सुरुआत कोप २७ मा हुनेछ।' एसिया महादेशमा एक दशमलव तीन अर्ब जनसंख्यालाई पानीको उपलब्धता गराउने हिमालय क्षेत्रहरू जलवायु परिवर्तनको कारण प्रत्यक्षरूपमा प्रभावित छन्।

त्यस्तै पृथ्वीको तापक्रम वृद्धि एक दशमलव पाँच डिग्री सेल्सियसको तापमान वृद्धिको लक्ष्य प्राप्तिका लागि विश्वका धनी र विकसित राष्ट्रहरूलाई आफ्नो महत्वाकांक्षी 'एनडिसी' र दीर्घकालीन न्यून उत्सर्जन विकास रणनीति परिमार्जन गरी पुनः बुझाउन अनुरोधका साथै यसको पालनामा कोपको सचिवालयलाई सक्रिय नेतृत्वका लागि पनि नेपालले पैरवी गर्ने तयारी गरेको छ। सम्मेलनमा अनुकूलनको सम्बन्धमा थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको छलफल पनि आवश्यक छ। नेपाल लगायतका अल्पविकसित मुलुकहरूले जलवायु अनुकूलनको विश्वव्यापी लक्ष्यमा देखिने गरी प्रगति र सोही अनुसार प्रतिफल सुनिश्चित गर्नु आवश्यक छ। साथै, अनुकूलनका लागि दोब्बर घोषणा गरिएको वित्तको प्रवाह सार्वजनिक माध्यमद्वारा अनुदानस्वरूप प्रदान गर्ने, शार्म एल-शेख कार्य योजना तयार हुनुपर्ने नेपालको माग रहेको सहसचिव डा पौडेलले जानकारी दिए।

यसैगरी अनुकूलन वित्तको प्रभाव स्थानीय तहको अनुकूलन र स्थानीय समुदायको लाभमा परिचालन सुनिश्चित गर्न नेपालले स्थानीय अनुकूलन योजना कार्यान्वयनमा र स्थानीय स्तरमा ८० प्रतिशत जलवायु वित्त प्रवाहमा हासिल गरेको सफलतालाई विश्वसामु प्रस्तुत गरी स्थानीय तहको अनुकूलनका लागि निश्चित वित्तको व्यवस्थासम्बन्धी पैरवी गर्नेछ।

**अनुकूलन कोषमा मागअनुसारको रकम विनियोजन माग**

सन् २०३० सम्मका लागि नेपाललाई अनुकूलनका प्राथमिकता कार्यान्वयन गर्न २६ विलियन अमेरिकी डलर आवश्यक पर्दछ। स्थापित अनुकूलन कोषमा मागअनुसारको रकम विनियोजन, प्रक्रियागत सरलीकरण, वित्त र प्रविधिमा प्रत्यक्ष पहुँच नेपालको माग रहेको मन्त्रालयका सचिव डा पेमनारायण कँडेलले बताए। साथै स्थानीय अनुकूलन योजनाको कार्यान्वयनका लागि वित्त सुनिश्चित गर्न कोप २७ मा नेपालले पैरवी गर्नेछ।

क्योटो प्रोटोकललाई पेरिस सम्झौताअन्तर्गत ल्याउने, कार्बन व्यापार तथा त्यसको बजारीकरणसहितको कुरा समेटिएको दफा ६ ग्लास्गोबाट अघि बढ्ने आधार तय भएको थियो। यसका लागि पेरिस नियमपुस्तिका कार्यान्वयनमा ल्याउनु आवश्यक छ। कोइला र पेट्रोलियम पदार्थको प्रतिस्थापन र स्वच्छ प्रतिबद्धताहरू पूरा गर्दै महत्वाकांक्षी कार्यहरू गर्नुपर्ने र कार्बन व्यापार सम्बन्धीका लागि बजार र गैरबजार संयन्त्रका बारेमा कार्यान्वयनका लागि थप प्रस्टताको खाँचो छ। यसका लागि नेपालले अल्पविकसित राष्ट्रहरूको समूह र जी ७७ र चाइनाको समूहसँग सामीप्यमा रही पैरवी सचिव कँडेलले जानकारी दिए।

नेपालले कोप २७ मा विकसित राष्ट्रहरूले सामूहिक रूपमा दीर्घकालीन जलवायु वित्तको लक्ष्यअनुसार सन् २०२० देखि २०२५ सम्म प्रत्येक वर्ष १०० बिलियन अमेरिकी डलर प्रदान गर्ने विषय जोडदार रूपमा उठाउने छ। उनले भने, 'हामीले यो प्रावधानको पूर्णताका लागि जोडदार माग गर्ने र विश्व वातावरण कोष, अल्पविकसित राष्ट्रहरूको कोष, हरित जलवायु कोष र अनुकूलन कोषमा विकसित राष्ट्रहरूको योगदानको सुनिश्चित गर्न दबाब दिनेछौं।' *रासस*


**(लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मितिः २०७५।०६।२२ मा दर्ता भएको प्रा.लि.नं.२००६०६/०७५/०७६ को **नेशन टु नेशन होलिडेज (प्रा. लि)** खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मितिः २०७९।०७।०५ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धीत सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्वीडेटर**
**इजाजत पत्र नं.४३२**
**शुसिल न्यौपाने**



**श्री मध्य कमाण्ड ई.एम.ई.वर्कशप, बिजयपुर पोखरा**

**बिद्युतीय बोलपत्र e-GP आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०७/०६ गते।**

१. चालु आ.व.२०७९/८० को लागि यस वर्कशपलाई आवश्यक पर्ने विभिन्न किसिमका सवारी साधनहरूको स्पेयर पार्टस (प्याकेज अनुसार) आपूर्ति गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कामको लागि ईजाजत प्राप्त इच्छुक फर्म तथा सप्लायर्सहरूले बिद्युतीय माध्यम **e-GP System** बाट बोलपत्र आव्हान गरिएको छ। साथै बिस्तृत जानकारीको लागि सावर्जनिक खरिद अनुमगन कार्यालयको वेभसाईट **https://bolpatra.gov.np/egp** मा हेर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं. | कामको विवरण | बोलपत्र दस्तुर ने.रु.(फिर्ता नहुने) | बोलपत्र जमानत ने.रु. | मान्य हुने अवधि | बोलपत्र विड गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति समय र स्थान |
|---|---|---|---|---|---|---|
| १. | विभिन्न किसिमका सवारी साधनहरूको Fast Moving Spare Parts & Consumables हरू आपुर्ति | ३०००/- | ८४,०००/- | ९० | २०७९/०८/०६ गतेको १२:००बजे | २०७९/०८/०६ गतेको १३:०० बजेमध्य कमाण्ड ई.एम.ई.वर्कशप विजयपुर पोखरा |
| २. | विभिन्न किसिमका सवारी साधनहरूको **Moderate Moving Spare Parts** हरू आपुर्ति | ३०००/- | १०१०००/- | ९० | २०७९/०८/०६ गतेको १२:००बजे | २०७९/०८/०६ गतेको १३:०० बजे मध्य कमाण्ड ई.एम.ई.वर्कशप विजयपुर पोखरा |
| घ | विभिन्न किसिमका सवारी साधनहरूको **Slow Moving Spare Parts** हरू आपूर्ति | ३०००/- | ६९,०००/- | ९० | २०७९/०८/०६ गतेको १२:००बजे | २०७९/०८/०६ गतेको १३:०० बजे मध्य कमाण्ड ई.एम.ई.वर्कशप विजयपुर पोखरा |

२. थप जानकारीको लागि फोन नं.०६१४११३७३ तथा ईमेलः **cmd-mid-workshop@nepalarmy.mil.np** मा सम्पर्क राख्न सकिने र बोलपत्र **www.bolpatra.gov.np/egp** सिष्टम मार्फत विड गर्नुपर्ने छ।

३. राजस्व दाखिलाको लागि कार्यालय कोड नं.३४५०१३९०४,कार्यालय मध्य कमाण्ड ई.एम.ई.वर्कशप, राजश्व खाता नं. १०००२०००१०००० राष्ट्रिय वाणिज्य बैंक, राजश्व शिर्षक नं. १४२२९

४. धरौटी दाखिलाको लागि कार्यालय कोड नं. ३४५०१३९०४ धरौटी खाता नं. ३०२०१००१०२०३०००० राष्ट्रिय वाणिज्य बैंक पृथ्वीचोक पोखरा शाखा खाता संचालन गर्ने कार्यालयको नाम को.ले.नि.का.कास्की पोखरा।



Province Government
**Ministry of Road Infrastructure & Urban Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office**
Udayapur
Province no.1, Nepal

**INVITATION FOR ELECTRONIC BIDS**

**IFB No.: 04/IDO/UDA/NCB/W/079-080**

***First Date of Publication: 2079/07/06 (23rd October 2022)***

1. Provience Government, Ministry of Road Infrastructure & Urban Development, Transport Infrastructure Directorate, Infrastructure Development Office, Udayapur, Province no.1, Nepal invites bids from eligible bidders for following works:

| S.N. | Contract Identification Number | Description and Location of work | Bid Validity Period | Estimated Amount With VAT& PS (NRs.) | Key Qualification Requirement | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | IDO/UDA/NCB/W/Bridge/13/079-080 | Construction of Pre-stressed RCC Motorable Bridge over Baidanath Khola along Sombare- Bihibare (Risku) Road, Katari Muncipality 6 & 7,Udayapur | 120 days | | Average Annual Turnover: **Nrs.110** Millions Experience: At Least One number of motorable pre-stressed RCC bridges at least **65.0** m in length with pile foundation. | 3700000.00 | 10000.00 |
| 2 | IDO/UDA/NCB/W/R/14/079-080 | Upgrading of Tri.Na.Pa.-12 Durga tole gafuwe miya home -Suren Mallik home- Ring Road,Udayapur | 90 days | 2414025.94 | | 60000.00 | 3000.00 |
| 3 | IDO/UDA/NCB/W/R/15/079-080 | Upgrading of Khotang Bazar Chipring Road Cons, Khotehang Ru.Mu.5,6 and 8, Khotang | 90 days | 2419824.95 | | 60000.00 | 3000.00 |
| 4 | IDO/UDA/NCB/W/R/16/079-080 | Upgrading of Roxing Kula Bhanjyang Milanchowk Chimane Bazar Road , khotang | 90 days | 2414928.06 | | 60000.00 | 3000.00 |
| 5 | IDO/UDA/NCB/W/R/17/079-080 | Upgrading of diktel-4 khamkhuwa diktel sadak, Di.Ru.Ma.Na.Pa 1 & 4,Khotang | 90 days | 4829094.30 | | 120000.00 | 3000.00 |
| 6 | IDO/UDA/NCB/W/R/18/079-080 | Upgrading of Khanidanda-Laphang-Hospital Chowk Road, Di.Ru.Ma.Na.Pa.-4 and 5, Khotang | 90 days | 4354551.10 | | 100000.00 | 3000.00 |
| 7 | IDO/UDA/NCB/W/R/19/079-080 | Upgrading of Mewa Dovan Jor Aap Sadak, Di.Ru.Ma.Na.Pa.-5, Khotang | 90 days | 4831937.51 | | 120000.00 | 3000.00 |
| 8 | IDO/UDA/NCB/W/R/20/079-080 | RCC Box Culvert Construction works along Saune Bajhagara-Ghirling-Simle -chaudandigadhi Road, Udayapur | 90 days | 2414902.95 | | 60000.00 | 3000.00 |

2. **Submission and Opening of Bid:**

| Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|
| Date | Time | Date | Time |
| 2079/08/06(22th Nov. 2022) | 12:00 Hours | 2079/08/06(22th Nov. 2022) | 13:00 Hours |

Interested eligible bidders may obtain further information from Infrastructure Development Office, Udayapur and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's Web Site ***http://www.bolpatra.gov.np/egp,*** A complete set of bidding documents in English may be inspected by the interested bidders and must submit their bid electronically through E-procurement section of PPMO's Web Site ***http://www.bolpatra.gov.np/egp.,*** the Bidders must download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. The bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files.

3. **Bank Account Details:**

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Pradesh Lekha Ikai Karyalaya, Udayapur. | Rastriya Banijya Bank. | Gaighat, Udayapur. | 2090100202030000 (Dharauti) | Office Code: 3370111011 |
| Infrastructure Development Office, Udayapur. | Rastriya Banijya Bank. | Gaighat, Udayapur. | 1000100201010001 (Rajaswa) | 14229 (Revenue) |

4. Pre-bid meeting shall be held at the office on 2079/07/27 (13th Nov. 2022) at 13:00 hours.
5. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the initial last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA, 2063 and PPR, 2064 (Revised)

**Office Chief**

# ‘टिकट नपाएका नेताहरूका लागि अवसरै अवसर’




■ प्रभाव संवाददाता

**विराटनगर–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले सत्तारुढ गठबन्धनले बहुमत ल्याएमा अहिले टिकट नपाएका नेताहरूले अवसरै अवसर पाउने बताएका छन् ।

शनिबार विराटनगरमा आयोजित सत्तारुढ गठबन्धनको कार्यक्रममा उनले आफूहरूले जितेर बहुमतको सरकार बनेमा अहिले अवसर नपाएकाहरूलाई राजनीतिक नियुक्ति, संवैधानिक आयोगमा नियुक्ति र राजदूत नियुक्तिमा अवसर दिने बताएका हुन् ।

‘म सबै साथीहरूलाई के अपिल गर्न चाहन्छु भने हेर्नुस् गठबन्धनले जितेर बहुमत आएर सरकार बन्यो भने अवसरै अवसर हुन्छ’, उनले भने, ‘अहिले टिकट नपाउनुभएको या टिकट वितरणमा भन्याजस्तो नभएकोले मन खुम्चिएका साथीहरूलाई पनि भोलि हामी बहुमतको सरकार बनेपछि थुप्रै राजनीतिक नियुक्ति हुन्छन्, संवैधानिक नियुक्ति, राजदूतहरू के के हुन्छन् के के । हारियो भने चाहिँ हामी सबैको हालत खराब ।’

चुनावपछि अवसर पाउँदा अहिले असन्तुष्टहरू पनि खुशी हुने दाहालले बताए । ‘त्यसकारण अवसरै अवसर प्राप्त गर्ने, अहिले भाँचिएका अलिअलि थिचिएका, अलि अलि अध्यारो अनुहार भएका साथीहरू पनि सरकार बनेपछि नियुक्ति पाइसकेपछि उज्याला हुन्छन्’ दाहालले भने ।

सत्तारुढ गठबन्धनका दलभित्र, एकअर्का दलबीच भएका समस्या थाती राखेर चुनावमा होमिन दाहालले आग्रह गरे ।

सत्तारुढ गठबन्धनका शीर्ष नेताहरूबीच कुनै समस्या नरहेको दाहालले बताए ।

कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवाले एकताबद्ध भएर भोट हाल्न आग्रह गरे । उनले भने, ‘मैले त हँसिया हथौडामा भोट हालिसकेँ, तपाईंहरूले हिच्किचाउनु पर्ने कुनै कारण छैन ।’ उनले एमाले अध्यक्ष ओलीले बढ्ता बोलिरहेको भन्दै गठबन्धनलाई जिताएर जवाफ दिन कार्यकर्तालाई आग्रह पनि गरे । सभापति देउवाले आफ्ना कार्यकर्तालाई पार्टीभित्र पनि मिलिसकेको र गठबन्धनमा पनि कुनै विवाद नभएको भन्दै ढुक्क भएर मतदान गर्न आग्रह गरे । ‘हामी नेताहरू सबै मिलिसक्यौं, पार्टीका नेता पनि मिलेका छौं, तपाईंहरू पनि मिलेर भोट हाल्नु होला ।’

कार्यक्रममा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले बेठिक मान्छेको हातबाट सत्ता खोस्न आफुहरूले धेरै ठुलो त्याग गरेको बताए । उनले त्यसको गुन तिर्न पनि आफुहरूलाई भोट हाल्नै पर्ने बताए । उनले भने, ‘बेठिक मान्छेको हातमा पुगेको देशलाई संकटबाट बचाउन हामीले नयाँ जोखिम लिएको हौं ।’ आफूले गरेको त्यागले देशलाई जोगाएको उनको भनाई थियो । उनले आफूहरूको गठबन्धनले एकताबद्ध भएर दृढताका साथ अगाडि बढेकोले जित सुनिश्चित हुने विश्वास व्यक्त गरे ।

# स्पेनी राजाको नेपाल भ्रमण गर्ने चाहना

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्पेनका राजा फिलिपे छैठौंले नेपाल भ्रमणको चाहना व्यक्त गरेका छन् । नेपाली राजदूतका रूपमा नियुक्त डा. शर्मिला पराजुली ढकालको ओहोदाको प्रमाणपत्र ग्रहणका क्रममा स्पेनी राजाले यस अघि अनौपचारिक रूपमा नेपालको भ्रमण गरेको स्मरण गर्दै उपयुक्त समयमा पुनः नेपाल भ्रमण गर्ने चाहना गरेको बताए ।

भेटका क्रममा स्पेनी राजाले नेपालमा कोभिड तथा हालैको बाढी पहिरोका कारण ज्यान गुमाएकाप्रति समवेदना प्रकट गर्दै दुई राजदूत ढकालको कार्यकालमा दुई देशबीच परस्परको सहकार्य र सहयोगका आधारमा सम्बन्ध थप सुमधुर हुने विश्वास व्यक्त गरे ।

राजदूत ढकालले नेपालमा कोभिड संकटका बेला युरोपियन युनियनका देशमध्ये शुरुवाती चरणमा नै स्पेनबाट मानवीय सहायता प्राप्त भएको भन्दै आभार प्रकट गरिन् । उनले दुई देशबीचको सम्बन्ध विस्तारमा आफ्नो योजना तथा कार्यक्रमबारे राजालाई जानकारी गराएको स्पेनस्थित नेपाली दूतावासले जनाएको छ ।

भेटका क्रममा राजासँगै त्यहाँका परराष्ट्र सचिवसँगै अन्य विशिष्ट अधिकारीहरूको सहभागी रहेको दूतावासले उल्लेख गरेको छ । यस अघि ओमनको राजदूतका रूपमा कार्यकाल सम्हालिसकेकी ढकाल हाल स्पनेको राजदूतका रूपमा कार्यरत छन् ।

## बेरोजगार...

पृष्ठ १ बाट जारी

व्यवसायीलाई मोटो रकम बुझाउनुपर्ने अवस्था विद्यमान छ, यसको सही अनुगमन र कार्यान्वयन नहुँदा नेताहरूले भोट माग्ने भाँडो बनाएका छन् ।’ उनले थप भने, ‘पहिलापहिला रक्सी, मासु, चामलका बोरा दिएर मतादाता प्रभावित गर्ने काम गरिन्थ्यो । अहिले युवाहरूलाई निःशुल्क विदेश पठाइदिन्छौं भनेर परिवारलाई नै लाभान्वित हुने आश्वासन दिन थालेको देखियो ।’

सरकारले ल्याएको कानुन प्रभावकारी कार्यान्वयन नगर्ने र म्यानपावर व्यवसायीहरूले खेलेको विचौलिया भूमिकाका कारण नेताहरूले फ्रि भिसा, फ्रि टिकटको सपना देखाएर नाजाय फाइदा लिएको गुरुङले बताए । सरकारले नियम मिच्नेलाई चुनावमामात्रै नभएर कानुनमा तोकिएको दण्ड-सजायको प्रभावकारी कार्यान्वयन गरे ठग्ने वा भ्रम छर्न नसक्ने गुरुङको भनाइ छ ।


**Shailung Rural Municipality**
**Office of Municipal Executive**
Katakuti, Dolakha
Bagamati Province, Nepal

## INVITATION FOR BID

***Date of Publication: 06/07/2079 (23rd October 2022)***

Shailung Rural Municipality ,Katakuti, Dolakha office invites electronic bid from registered company, suppliers for the supply and delivery mention in the table below on or before 22nd November 2022 (06/08/2078)12:00 hours. All Eligible bidders may obtain further information at Shailung Rural Municipality, Katakuti, Dolakha or may visit PPMO website: ***www.bolpatra.gov.np/egp.***

| S.N | Name of Project | Contract ID | Bid Security(NRs.) | Bid Document Fee |
|---|---|---|---|---|
| 1. | The Procurement Supply and Delivery of Medicines and Surgical Items | SRM/NCB/GOODS/ 01-2079/080 | 1,70,000.00 | 3000 |

**Chief Administrative Officer**



**Invitation for Electronic Bids**
***Budhanilkantha Municipality Office***
*Hattigaunda ,kathmandu*

**Date of publication: 2079/07/06**

1. ***Budhanilkantha Municipality Office*** invites electronic bids from Nepalese eligible bidders for the ***works and goods mentioned below*** under National Competitive Bidding procedures.

| S.N. | Contract Number | Description of Work | Estimated amount with VAT and PS | Deadline date of bid submission and opening date | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | NCB/BNP/CW/ 079_080/04 | Construction of RCC Road and Masonary wall at Chisine | 1,94,68,076.57 | 2079/08/06 @ 12 :00 hrs 2079/08/06 @ 13:00 hrs (Amendment) | 5,00,000/- |
| 2. | NCB/BNP/CW/ 079_080/05 | Construction of Rigid Pavement at simali Gaun to chauki danda Park | 1,95,76,087.36 | | 5,00,000/- |
| 3. | NCB/BNP/CW/ 079_080/03 | The Procurement of Furniture and Fixtures | - | 2079/08/06 @ 12 :00 hrs | 1,25,000/- |
| 4. | NCB/BNP/GW/ 079_080/04 | The Procurement of Computer, Laptop and printer | - | 2079/08/06 @ 13:00 hrs | 2,25,000/- |

2. Eligible Bidders may obtain further information by visiting PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



नेपाल सरकार
रक्षा मन्त्रालय
**नेपाली सेना**
**श्री पूर्वी कमाण्ड ई.एम.ई. वर्कशप, ईटहरी ब्यारेक, सुनसरी**

## विद्युतीय बोलपत्र (e-GP) आव्हानको सूचना

सूचना नं.०१-०७९/८०
**प्रथम पटक प्रकाशित मिति २०७९/०७/०६ गते ।**

१. चालु आ.व. २०७९/०८० मा यस ई.एम.ई. वर्कशपको लागि आवश्यक पर्ने बिभिन्न सवारी साधनहरूको **Spare Parts** तथा **Consumable Item** हरूको आपूर्ति गर्न नेपाल सरकारबाट सम्बन्धित कामको लागि ईजाजत प्राप्त ईच्छुक फर्म र संस्था र कम्पनी र सप्लार्यसको लागि **e-GP System** को माध्यमबाट बोलपत्र आव्हान गरिएको छ । साथै विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईड **http//www.bolpatra.gov.np/egp** हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | कामको विवरण | बोलपत्र रकम (मु.अ.कर सहित) | बोलपत्र दस्तुर ने.रु. (फिर्ता नहुने) | बोलपत्र जमानत (ने.रु.) | मान्य हुने अवधि | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति समय र स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | विभिन्न सवारी साधनहरूको **Spare Parts & Consumables Items** हरू आपूर्ति | ९०,००,०००।०० | ३,०००।०० | २,००,०००।०० | ९० दिन | २०७९/०८/०६ गतेको १२ बजे | २०७९/०८/०६ गतेको १३:०० बजे पूर्वी कमाण्ड ई.एम.ई. वर्कशप, ईटहरी ब्यारेक, सुनसरी |

२. थप जानकारीको लागि फोन नं. ०२५-५८०६७७ तथा ईमेलः **cmd-east-workshop@nepalarmy.mil.np** मा सम्पर्क राख्नु सकिने र बोलपत्र **www.bolpatra.gov.np/egp** सिस्टम मार्फत बिड गर्नुपर्ने छ ।
३. राजश्व दाखिलाको लागि कार्यालय कोड नं.३४५०११४०४, कार्यालय श्री पूर्वी कमाण्ड ई.एम.ई. वर्कशप र राजश्व खाता नं. १०००१००२०००१०००० राष्ट्रिय बाणिज्य बैक, राजश्व शिर्षक नं.१४२२९ मा दाखिला गर्नु पर्नेछ ।
४. बोलपत्र जमानत दाखिलाको लागि कार्यालय कोड नं.३४५०११४०४, धरौटी खाता नं. २२२०१००१०२०३०००० खाता संचालन गर्ने कार्यालयको नाम को.ले.नि.का., ईनरुवा, सुनसरी धरौटी खाता ।



Local Government
**Indrawati Rural Municipality**
**Office of the Rural Municipal Executive**
Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

## Intention to Award

**Date of Publication: 2079/07/06**

Pursuant to Clause 27(2) of Public Procurement Act 2063 and ITB 39.1 of bidding document, this is to notify all that the following minimum evaluated substantially responsive bidders have been selected to award the following contracts as per the Invitation for Bids Published on www.bolpatra.gov.np/egp and ‘Prabhab’ National Daily dated 2079/05/29.

| S. N. | Contract No. | Name of Work | Name and Address of Bidder | Bid Price (including VAT and PS) |
|---|---|---|---|---|
| 1 | IRMSI/W/ NCB/ 079/080-13 | Upgrading works of different road at ward no 5 (Bahunepati-Surayakot– Nawalpur ,Dudhekhola – bagkhor , Bhagkhor – Suryakot) | M/S Golmadevi Engineering and Construction Pvt.Ltd, Melamchi, Sindhupalchok | NRs. 44,11,401.69 |
| 2 | IRMSI/W/ NCB/ 079/080-14 | Upgrading works of different road at ward no 3 (Patal Sadak, Tallagaumod – Ward office ) | | NRs. 25,57,915.19 |
| 3 | IRMSI/W/ NCB/ 079/080-15 | Upgrading works of different road at ward no 10 (Sisnekhola- Gaikharka, Rayale –Jhulunge) | M/S Aashika-Thakle Mahakali JV, Kapan, Kathmandu | NRs. 26,08,353.64 |

**Chief Administrative Officer**



Government of Nepal
Ministry of Health and Population
**Covid-19 Unified Central Hospital**
**Bir Hospital**
**Mahabouddha, Kathmandu**

## Invitation of Bid

**Date of Publication : 23 October 2022 (2079/07/06 B.S.)**

1. ***Covid-19 Unified Central Hospital, Bir Hospital, Mahabouddha, Kathmandu*** invites sealed tender from eligible bidders for the Supply & Delivery of following goods, bidding is open to all eligible bidders.
2. Eligible bidders may obtain further information ***Covid-19 Unified Central Hospital, Bir Hospital, Mahabouddha, Kathmandu.*** Telephone No. 977-1-4221800, 4221119, Telefax: +977-1-4222864.
3. The Eligible Bidders may obtain further information and can inspect the Bidding Documents in **www.bolpatra.gov.np/egp** and the e-Bidding procedure shall be as specified in the bid document.
   a. Name of Bank : Rastriya Banijya Bank, Teku, Kathmandu
   b. Name of Office : National Academy of Medical Sciences, Bir Hospital
   c. Office Code No. : 370613501
   d. Office Account No : 1010200010000
   e. Rajaswa Shirshak no : 14229
4. Bid must be purchasing till 12:00 hour date as below
5. Bids received after the deadline shall not be accepted.
6. If the bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the form of Bank voucher drawn in the name of ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu, Nepal office code no. 370613501 Deposit Account No.: 1700100102030000, of Treasury Controller Office, Tripureshwor, Kathmandu.***
7. Any provisions which are not mentioned in this notice will be consistent with public procurement act (PPA), 2063/Public Procurement Regulation (PPR), 2064 and other prevailing Nepalese Rules.

| Bid ID No. | Requirement | Opening Date | Bid Document Fee | Bid Security |
|---|---|---|---|---|
| NAMS/ NCB/079/080/06 | Supply Delivery & Installation of PUVA chamber set | 2079-08-06, 14:00 | 3,000.00 | 70,000.00 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नवौं राष्ट्रिय खेलकुदले दिएको सन्देश

**नेपाली खेलकुदको 'कुम्भमेला' नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता हालै सम्पन्न भएको छ । विगतमा दुई पटकसम्म मिति घोषणा भएर पनि रोकिएको राष्ट्रिय प्रतियोगिता पोखरा र गण्डकी प्रदेशका आठ जिल्लामा असोज २८ देखि कात्तिक ३ गतेसम्म आयोजना भएको थियो । कोरोना महामारीका कारण रोकिएको यस प्रतियोगिता पछिल्लोपटक भने स्थानीय तहको निर्वाचनले प्रभावित तुल्याएको थियो । जे होस्, तेस्रोपटकको घोषणामा राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न भएको छ । यसले खेलाडी र समग्र खेलकुद क्षैत्रमा उत्साह थप्ने काम गरेको छ ।**

**प्रतियोगिताले सहभागी खेलाडी, प्रशिक्षक र आयोजकमा उत्साह थप्यो भने चार दशकपछि पोखराले खेलकुदको कुम्भमेला आयोजनाको अवसरलाई राम्रैसँग सदुपयोग गरेको छ । प्रतियोगिताका ३६ वटै खेल तोकिएको समयमा, तोकिएकै स्थानमा सम्पन्न भए । खेलाडीहरूले लामो समयपछि आफ्नो खेल कौशल प्रदर्शन गर्ने अवसर पाउनु र केही राष्ट्रिय कीर्तिमान बन्नुले राष्ट्रिय खेलकुद खेलाडीका लागि विशेष रह्यो ।**

**राष्ट्रको गौरवसँग जोडिएको प्रतियोगितामा समस्या, अभाव र अव्यवस्था पनि देखियो । प्रतियोगिताकै क्रममा खेल्दै गर्दा एक जना पोखरेली प्याराग्लाइडिङ खेलाडी निसिम थापाको दुर्घटनामा परी भएको मृत्युले सबैमा पीडा पनि दियो । खेलाडीले समयमै खेल सामग्री पाएनन् । खेल सुरु हुँदासम्म मैदानको स्तरोन्नति बाँकी नै रह्यो । खेल सामग्रीको गुणस्तरमा प्रश्न उठे । संघीयता कार्यान्वयनपछिको पहिलो राष्ट्रिय खेलकुदमा संघ र प्रदेशबीच समन्वयको अभावले गर्दा अझ राम्रो गर्न सकिने सम्भावना रहे पनि त्यसो हुन सकेन ।**

**संघीयताको मर्मभन्दा बाहिर गएर राष्ट्रिय खेलकुद आयोजनामा संघ हाबी भएको, संघकै खटनपटन चलेका जस्ता गुनासाहरू पनि यस बीचमा बग्रेल्ती रहे । यद्यपि, समग्रमा राष्ट्रिय खेलकुदले आफ्नो लक्ष्य हासिल गरेको छ । राष्ट्रिय खेलकुद समग्रतामा आफ्नो उद्देश्य हासिल गर्न सफल भयो, आगामी दिनमा यस प्रतियोगिताले निरन्तरता पाउँछ भन्ने सकारात्मक सन्देश पोखराबाट प्रवाह भएको छ । पोखराबाट दशौं राष्ट्रिय खेलकुद मिति घोषणा भइसकेको छ । आगामी २०८१ मंसिर २ देखि ९ गतेसम्म कर्णाली प्रदेशमा राष्ट्रिय खेलकुद गर्ने घोषणा गरिएको हो ।**

**खेलकुद क्षेत्रलाई राज्यले सधैं प्राथमिकता दिने बताउँदै आएको छ । तर, अझै पनि राज्यको पर्याप्त ध्यान जान नसक्दा खेलकुद क्षेत्रले अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन । खेलाडीहरू अत्मसम्मानका साथ खेलकुदमै रहेर बाँच्न सक्ने अवस्था छैन । आर्थिक समस्याका कारण प्रतिभावान खेलाडीहरू पलायन हुने क्रम रोकिएको छैन । यो विषयमा राज्य गम्भीर बन्न सकेको छैन ।**

**खेलाडीका लागि यस्ता प्रतियोगिताले ठूलो महत्त्व राख्दछ । तर, नेपालमा नियमित प्रतियोगिता हुन नसक्ने, प्रतियोगिताको व्यवस्थापन फितलो हुने, पूर्वाधार तथा खेल सामग्रीको अभाव हुने समस्याले नेपाली खेलकुद क्षेत्रलाई छाडेको छैन । यो पटकको नवौं राष्ट्रिय खेलकुदमा पनि यही समस्या देखियो । व्यवस्थापकीय कमजोरीका कारण खेलाडीहरूले समस्या भोग्नुपऱ्यो । खेल सामग्री नपाएर खेलाडीले अभ्यास गर्न नपाएका समाचारहरू बाहिर आए । यस्ता समस्या आगामी दिनमा दोहोरिन नदिन सरोकारवाला निकाय तथा तिनका पदाधिकारीहरू जिम्मेवार बन्न आवश्यक छ ।**

**विभिन्न समस्या र कमजोरीहरूका बीच सम्पन्न राष्ट्रिय खेलकुदले समग्रमा सकारात्मक सन्देश छोडेको छ । खेलाडीहरूमा उत्साह जगाएको छ । यसलाई निरन्तरता दिँदै अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरूलाई अगाडि ल्याउन आवश्यक छ । यसमा सरोकारवाला सबै जुट्नुपर्छ ।**

## मननयोग्य

### चाणक्य नीति

हु......हुंकार गर्दै गम्भीर स्वरमा विष्णुगुप्तले भने- 'यत्रो अत्याचार हुँदा पनि तपाईंहरू सबै संगठित किन हुनुभएन ? जनतालाई अत्याचारको कुरा किन नभनेको जनताबाट उठाएको धन मदिरा र वेश्यामा पानीजस्तै बगाइएको छ । यो राजाने त समय आउँदा जनताको रक्षा पनि गर्न सक्दैन ।

विष्णुगुप्त उत्तेजित भएको देखी शकटार भन्छन्- 'त्यो सबै म चाहन्छु, तर म बूढो छु । त्यसमाथि राज्यको मर्यादाले बाँधिएको छ । अब विश्वास भयो यो काम तिमीबाहेक अरूले गर्न सक्दैन ।'

शकटारका यस्ता कुराले चाणक्यको चेहरा झन् रातो भयो । लुकेको प्रतिशोधको ज्वाला फेरि हृदयमा नाच्न लाग्यो । आफ्ना बाबु चणकलाई कसरी मारिएको थियो भन्ने पनि सम्झिए। पिताजीको दोष यति मात्र थियो कि मगधमा न्यायप्रिय राजाको चाहना थियो। चाणक्यलाई आफ्नो संकल्पको स्मरण भयो । शकटारसँग भने- तात । कुनै प्रकारले पनि मलाई नन्दका दरवारमा पुग्ने प्रबन्ध गर्नोस् किनकि म आफैँ गई उसको शक्ति कति रहेछ हेर्न चाहन्छु ।

शकटारले जवाफ दिए- 'पर्सि बिहान नन्दको दरवारमा सभा लाग्छ, राज्यको साप्ताहिक समीक्षा हुन्छ । तिमी त्यहीं नन्दको रूप देख्न सक्नेछौ ।' यति भनी शकटार दरवारतिर हिंडे ।

विहानको समय स्नान, ध्यानबाट निवृत्त भएर चाणक्य आफ्ना कुटीबाहिर घुमफिर गर्दै थिए विचार-विचारमै मगधको भविष्य निर्णित गरेजस्तै ।

कुटीदेखि टाढा रथ रोकिएको आवाजले विचारधारा भंग भयो । शकटार आइरहेका रहेछन्, चोणक्य उनकै प्रतीक्षामा थिए । शकटारलाई प्रणाम गरी रथमा चढेर उनकै साथ राजभवनतिर प्रस्थान गरे । **क्रमश** :

# अल्ट्रा म्याराथनबाट उदाएका दुर्गाबहादुर

विक्रम गिरी

सन् २०१० मा बंगलादेशको ढाकामा हुन लागेको ११औं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)का लागि नेपालले तयारी गर्दै थियो । राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले जुम्लामा रहेका दुर्गाबहादुर बुढालाई बन्द प्रशिक्षणका लागि काठमाडौं आउन खबर पठायो । बन्द प्रशिक्षण अवधिभर खेलाडीको खान बस्ने खर्च राखेपले व्यहोर्ने भयो । तर जुम्लादेखि काठमाडौं पुग्न बुढा आफैंलाई खर्चको जोहो गर्नुपर्थ्यो ।

थौरै खर्चले नपुग्ने भयो । जुम्ला काठमाडौं ओहरदोहर गर्न झण्डै ५० हजार रूपैयाँभन्दा बढी खर्च लाग्थ्यो । बुढाले त्यसका लागि हिम्मत गर्न सकेनन् । उनको परिवार खेती किसानीमै निर्भर थियो । अन्ततः खर्चको जोहो गर्न नसकेपछि बुढाले ११औं सागको बन्द प्रशिक्षण मन मानेर त्यागे । यो १२ वर्षअघिको कुरा थियो । त्यतिबेला जुम्ला-काठमाडौं बसको सुविधा थिएन । जहाजमै यात्रा गर्नुपर्दथ्यो । जहाज भाडा तिर्न बुढाका लागि सम्भव थिएन ।

वि.सं. २०६५ मा काठमाडौंमा सम्पन्न पाँचौं राष्ट्रिय खेलकुदमा बुढा पाँच हजार मिटर र १० हजार मिटर दौडमा तेस्रो भएका थिए । यसबाट उनको अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न ढोका खुलेको थियो । 'मेरा लागि त्यो ठूलो अवसर थियो, कुनै न कुनै पदक देशका लागि जित्थे, ममा आत्मविश्वास थियो,' बुढा विगत सम्झिन्छन्, 'आर्थिक अवस्था निकै कमजोर थियो, अवसर पाएर मन मार्नु पऱ्यो ।'

सागमा सहभागी हुन उनी प्रारम्भिक छनोटमाा परेका थिए । त्यतिबेला जुम्लाबाट सुर्खेतम्मको जहाज भाडा सात हजार तथा सुर्खेतदेखि काठमाडौंको १३ हजार रूपैयाँ थियो । यो उनका लागि असम्भव थियो । खेती किसानीबाट यति धेरै आम्दानी गर्नसक्ने उपाय थिएन । 'धेरैतिर रकमको जोहो गर्न हार गुहार गरें, कोही दाता भेटिएनन्,' बुढाले त्यतिबेलाको पीडा सुनाए ।

मुश्किलले साग खेल्न प्राप्त भएको अवसर हातबाट निस्केपछि बुढा एकदमै निराश बने । उनी खेल जीवन त्याग्ने मनस्थिति बनाएर जुम्लाको कन्कासुन्दरी गाउँपालिका-३ स्थित घरमा बसे । 'अब खेलमा कहिल्यै फर्किन्न जस्तो लागेको थियो,' बुढाले भने । तर, एथ्लेटिक्स प्रशिक्षक हरिबहादुर रोकाया भने बुढालाई त्यसरी हिम्मत हारेर बस्न दिनेवाला थिएनन् । किनकि, उनले बुढाको क्षमता चिनेका थिए । एउटा प्रतिभा जन्माउन कति मुश्किल हुन्छ त्यो प्रशिक्षक रोकायालाई थाहा थियो ।

रोकायाले बुढाको ध्यान अल्ट्रा म्याराथनतर्फ मोडे । प्रशिक्षक रोकायालाई पनि उनको खेल जीवनमा अल्ट्रा म्याराथनका लागि प्रस्ताव पटक-पटक आएको थियो । रोकायाले आफ्ना चेला बुढालाई अब त्यतैतर्फ केन्द्रित गर्न लगाए ।

सन् २००९ मा सोलुखुम्बुमा तेन्जिङ हिलारी एभरेस्ट म्याराथन हुने भयो । प्रशिक्षक रोकायाले यो खबर थाहा पाए । उनले बुढालाई त्यसका लागि तयार पारे । प्रतियोगिता खर्चिलो थियो । एक लाख ६० हजार रूपैयाँ एक्लैले जुटाएर बुढालाई लिएर रोकाया अल्ट्रा म्याराथनमा भाग लिन सोलुतर्फ लागे । उक्त प्रतियोगितामा विदेशी नागरिकसहित १६४ जनाले भाग लिएका थिए । बुढाले सातौं स्थान ल्याए । नेपालकै फुर्वा तामाङ पहिलो भए । यसबाट बुढा र प्रशिक्षक रोकाया उत्साहित भए । रोकायाले बुढाबाट गरेको आशा निराशामा परिणत भएन । दुवै जना उच्च मनोबलका साथ जुम्ला फर्किए ।

लगत्तै राखेपले सहायक प्रशिक्षकका लागि तालिम खुलायो । बुढा पनि त्यसमा सहभागी भए । 'म त्यतिबेला छ महिना काठमाडौंमै बसे,' उनले भने । पन्ध्र वर्षपछि राखेपले उक्त तालिम खुलाएको थियो । 'तालिम लिनेमा म सबैभन्दा कम उमेरको थिएँ,' उनले भने । तर, बुढालाई के थाहा तालिम लिँदैमा नेपालमा खेल प्रशिक्षकको जागिर सहजै पाइन्न भनेर ।

प्रशिक्षकका लागि तालिम खुल्छ, तर अवसर नपाइने देशको सधैंको समस्या थियो । स्थिति अहिले पनि त्यस्तै छ । अवस्था फेरिएको छैन । उनी भारी मन बनाएर जुम्ला नै फर्किए । अब भने बुढालाई खर्च जुटाउन धौधौ पर्न थाल्यो । उनलाई जागिर खुवाउन रोकायाले पनि सक्दो पहल गरे । खासमा रोकाया आफ्नो चेला खेल क्षेत्रबाट पलायन भएको हेर्न चाहन्नथे ।

प्रशिक्षक रोकायाको मनमा नयाँ जुक्ति आयो । उनले बुढालाई लिएर भारतको बनारसतर्फ लागे । भारतीय 'भारतीय सेनामा भर्नाका लागि छनोटको आधार त्यही अल्ट्रा म्याराथनकै प्रमाणपत्र बन्यो, ती प्रमाणपत्र देख्नेबित्तिक्कै भारतीय सैनिक अधिकारी भर्ना लिन तयार भए,' उनले भने । पहिलोपटकमै बुढा भर्ना हुन सफल भए । यो सन् २०११ को कुरो थियो । छनोटका बखत उनलाई दौडाइयो । दुई हजार ४०० मिटर दौड बुढाले चार मिनेट ३७ सकेण्डमा पूरा गरे । यसबाट त्यहाँ छनोट समितिका सैनिक अधिकारी बुढाबाट प्रसन्न भए ।

'खासमा डिउटी केही हुन्न । जताजता खेल प्रतियोगिता त्यतैत्यतै गएर खेल्नुपर्ने मात्र हुन्छ,' बुढाले सुनाए । उनले हालसम्म यही गर्दै आएका छन् । बुढाजस्तै भर्ना भएका भारतीय सेनामा धेरै नेपाली छन् । खेलको कदर गर्दै उनीहरूलाई भर्ना लिने गरिएको छ । भारतीय सेनाको जागिरले बुढा आर्थिकरूपमा सबल भए । खासमा खेल्न खेलाडीका लागि आर्थिक अवस्था चुनौतीपूर्ण बनेको छ । 'धेरै प्रतिभाको जीवनमा आर्थिक पक्ष तगारो बन्दा खेलबाट सन्यास लिएका छन्,' उनी भन्छन्, 'गाउँगाउँमा राम्राराम्रा प्रतिभा छन्, भविष्य सुनिश्चित नहुँदा उनीहरू खेल जीवन त्याग्न बाध्य छन् ।'

बुढाले बिदामा बसेको समयमा मात्र नेपालमा प्रतियोगिता खेल्ने गरेका छन् । 'सकेसम्म नेपालमा हुने कुनै पनि प्रतियोगिता छुटाउँदिन,' उनले भने । भारतीय सेनामा भर्नापछि २०७२ सालमा उनले बाँकेको नेपालगञ्जमा तेस्रो धारा म्याराथन खेले । यो उनको नेपालमा खेलेको पहिलो म्याराथन थियो । निर्धारित दूरी दुई घण्टा २६ सेकेण्डमा पूरा गर्दै उनी पहिलो भए । लगत्तै झापामा भएको १५ हजार मिटर दौडमा पनि उनी पहिलो भए । धनगढीमा भएका जेसिज म्याराथनमा त बुढा चारपटक पहिलो भएका छन् ।

बुढाले चार वर्षअघि नेपालगञ्जमा सम्पन्न आठौं राष्ट्रिय खेलकुदमा कर्णालीको प्रतिनिधित्व गर्दै १० हजार मिटर दौडमा भाग लिए । उनले स्वर्णपदक जिते । पाँच हजार मिटर दौड र म्याराथनमा उनले रजत पदक प्राप्त गरे । 'लगातार दौडिनुपर्दा पाँच हजार मिटर दौड र म्याराथनमा सोचे जस्तो परिणाम ल्याउन सकिएन,' उनले भने । आठौं राष्ट्रिय खेलकुदमा पनि कर्णालीले दुई वटा मात्र स्वर्ण जितेको थियो । त्यतिबेला कर्णालीले तीन रजत जितेको थियो । जसमा बुढाका नाममा एउटा स्वर्ण र दुई वटा रजत थिए ।

यसपटक गण्डकीमा सम्पन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा पनि बुढाले एउटा स्वर्ण र एउटा रजत पदक प्राप्त गरे । उनी कर्णाली प्रदेशस्तरीय प्रतियोगितामा पहिलो हुँदै पोखरा आएका थिए । तीन हजार मिटर दौडमा उनले स्वर्ण जिते । पाँच हजार मिटर दौडमा भने बुढा सेकेण्डले मात्र स्वर्ण पदकबाट चुके । कर्णालीका दुई खेलाडीले मात्र यसपाली स्वर्ण पदक जितेका छन् । पुरुषतर्फ उसुको नान छ्वान राउण्डमा कर्णालीका लागि दीपक हमालले स्वर्ण पदक जितेका छन् ।

बुढाले एथ्लेटिक्सको तीन हजार मिटर स्टेपल चेजमा स्वर्ण जित्दा विभागीय टोली आर्मी, एपिएफ र पुलिस क्लबले विरोध गरे । बुढा भारतीय सेनाको जागिरे भएको र भारतमा समेत प्रतियोगिता खेल्दै आएकाले नेपालमा खेल्न नपाउने भन्दै तीनवटै क्लबले विरोध गर्दै उजुरी हाले । बुढाले भारतीय टोलीको नेतृत्व गर्दै एसियन च्याम्पियनसिप खेलेका थिए । यही कारण देखाउँदै विभागीय टोली बुढालाई यसपाली खेल्नबाट रोक्ने प्रयासमा थिए ।

विरोधका बाबजुद मैदानमा उत्रिएका उनले विभागीय खेलाडीलाई उछिने । बुढाले कीर्तिमानी स्वर्णपदक जिते । उनले एपिएफका अजित यादव र आर्मी क्लबका सुवास कार्कीलाई पछि पारे । बुढाले उक्त दौड आठ मिनेट ५५ दशमलव १९ सकेण्डमा पूरा गरेका थिए । यस्तै एपिएफका यादवले सो दौड नौ मिनेट २१ दशमलव १० सेकेण्ड तथा आर्मीका कार्कीले नौ मिनेट २२ दशमलव १५ सकेण्डमा पूरा गरे ।

बुढाले १८ वर्षअघि धावक राजेन्द्र भण्डारीले बनाएको आठ मिनेट ५७ दशमलव ३० सेकेन्डको कीर्तिमान तोडेका हुन् । भण्डारीले सन् २००४ मा पाकिस्तानको इस्लामवादमा उक्त कीर्तिमान बनाएका थिए । 'लामो समयदेखि देशका लागि खेल्दै आएको छु । यसपाली मेरो सहभागितालाई लिएर किन यतिसारो विरोध भयो, बुझ्न सकिरहेको छैन,' बुढाले भने, 'म जता भए पनि आवश्यक पर्दा मेरो प्रदेश र देशका लागि खेल्दै आएको छु । देशका लागि जस्तोसुकै त्याग गर्न पनि तयार छु । मेरा लागि विदेशमा गएर जागिर खानु बाध्यता हो । मैले वर्षौं आफ्नै देशमा रोजगारीका लागि प्रयास गरे । निकै तड्पिए । खेल जीवन नै त्याग्ने अवस्थामा पुगे ।'

अहिलेसम्म जितेका पदकका लागि उनी प्रशिक्षक रोकायालाई श्रेय दिन्छन् । 'रोकाया गुरुको ढाडसले मात्र म खेल जीवनमा छु, नत्र गुमनाम हुन्थें,' बुढाले भने । राज्यले नेपालमै बसेर खेल्ने वातावरण बनाए जस्तोसुकै त्याग गर्न बुढा तयार छन् । उनी भन्छन्, 'खेल्नुभन्दा अघि बाँच्न जरुरी छ, म खेलाडीका रूपमा जीवित रहनकै लागि अर्काको देशमा गएको हुँ । भविष्यमा म आफ्नै देशमा खेल्न र खेलाडी उत्पादन गर्न चाहन्छु ।'

बत्तीस वर्षीय बुढा परिवारका कान्छो सन्तान हुन् । खेलकुदमा परिवारका अरु कोही पनि छैनन् । उनले चार कक्षासम्म सुर्खेतमा पढे । त्यतिबेला उनका बुबा विद्यालयमा पढाउँथे । बुढा पाँच कक्षादेखि पढ्न जुम्ला नै उक्लिए । बुढा सुर्खेतमै जन्मिएका हुन् । जुम्ला सदरमुकाम खलंगास्थित चन्दननाथबाट १० कक्षा उत्तीर्ण गरेका उनले त्यसपछि १२ कक्षासम्म जुम्ला बहुमुखी क्याम्पसमा पढे ।

सुर्खेतबाट जुम्ला उक्लिएपछि बुढा खेलप्रति आकर्षित भए । सुर्खेतमा त्यो वातावरण थिएन, जुन उनले जुम्लामा पाए । 'प्रशिक्षक रोकायाका कारण खेलप्रति आकर्षित भएको हुँ,' उनले भने । रोकायाको नाम दुर्गम गाउँगाउँसम्म खुब प्रचलित थियो । सबै जुम्ली हरि रोकाया बन्न चाहन्थे । जोसुकैको पनि इच्छा खेलमा लागिसकेपछि हरिजस्तै बन्ने हुन्थ्यो ।

बुढाले पहिलोपटक जिल्लास्तरीय प्रतियोगितामा रोकायालाई देख्न पाए । रोकाया नै बुढासँग नजिकिए, जब उनले १५ सय मिटर दौडमा स्वर्णपदक जिते । रोकायाले उनलाई ३०० रूपैयाँ पुरस्कार दिए । त्यो पुरस्कारले बुढामा निकै ऊर्जा थप्यो । बुढा पहिलोपटक

> यसपटक गण्डकीमा सम्पन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा पनि दुर्गाबहादुरले एउटा स्वर्ण र एउटा रजत पदक प्राप्त गरे । उनी कर्णाली प्रदेशस्तरीय प्रतियोगितामा पहिलो हुँदै पोखरा आएका थिए । तीन हजार मिटर दौडमा उनले स्वर्ण जिते । पाँच हजार मिटर दौडमा भने बुढा सेकेण्डले मात्र स्वर्ण पदकबाट चुके ।

यसरी प्रतियोगितामा दौडिएका थिए । त्यतिबेला उनी १० कक्षामा पढ्थे ।

खलंगामा बुढा डेरामा बस्थे । रोकाया उनको खेलबाट प्रभावित भएर बुढालाई आफ्नै घरमा बस्न बोलाए । बुढाका लागि रोकायाको प्रस्ताव ढुंगा खोज्दा देउता मिलेझैं भयो । अहिले पनि रोकायाले नयाँ प्रतिभालाई आफ्नै घरमा राखि अभ्यास गराउँछन् । रोकायाको प्रशिक्षण पाएर क्षेत्रीय प्रतियोगिता खेलेका बुढाले पहिलोपटकमै १५ सय मिटर, पाँच हजार मिटर र १० हजार मिटर दौडमा कर्णालीका लागि स्वर्णपदक जिते । हालसम्म पनि उनी रोकायाकै प्रशिक्षणमा प्रतियोगिता खेल्दै आएका छन् । 'रोकाया गुरुको प्रशिक्षणविना मेरो सफलता सम्भव थिएन,' खुसी व्यक्त गर्दै कीर्तिमानी स्वर्ण पदकधारी बुढाले भने ।

एउटा असल खेल प्रतिभा मर्नबाट मात्रै जोगाएको ठान्छन् प्रशिक्षक रोकाया । 'उसले (बुढा) देशकै लागि खेलिरहेको छ । विदेशमा जागिर खानु बाध्यता हो । बुढा मात्र होइनन् अरु धेरै प्रतिभा नेपालमा खेल्ने वातावरण नहुँदा विदेशिन बाध्य छन् ।' प्रतिभा पलायन हुनबाट रोक्न राज्यको कुन निकायले के योजना बनाएका छन् यसबारे आफू अनविज्ञ रहेको रोकाया बताउँछन् ।


खेलकुद विभागीय टोलीको भरमा छोडेकामा प्रशिक्षक रोकायाको मन खिन्न छ । 'आर्मी, पुलिस र एपिएफ क्लबको जिम्मा मात्र लगाउने भए राज्यले किन खेलकुदमा यति धेरै पैसो खेर फालिरहेको छ,' उनको प्रश्न छ । विभागीय टोलीबाहेक अरु प्रदेशको खेलस्तर खस्किँदै गएकामा प्रशिक्षक रोकाया चिन्तित छन् । 'म एउटा प्रशिक्षकले मात्र चिन्ता गरेर केही नहुने रहेछ । मैले त रात दिन दुर्गममा खेलाडी उत्पादन गरिरहेकै छु,' २७ वर्षदेखि कर्णालीको दुर्गम जुम्लामा खेलाडी उत्पादन गर्दै आएका गिनिज बुक अफ वर्ल्ड कीर्तिमानी रोकायाले भने ।

प्रशिक्षक रोकायाले सन् २००० मा विश्वकै अग्लो ठाउँमा एभरेस्ट म्याराथनमा विश्व कीर्तिमान राखेका थिए । तीन घण्टा ५० मिनेट २३ सेकेन्डको कीर्तिमान उनले गिनिज बुक अफ वर्ल्ड रेकर्डमा दर्ज गराएका हुन् । रोकाया आफ्ना खेलाडीका लागि खेल सामग्री आफैं जुटाउँदै आएका छन् । भन्छन्, 'राज्यको भर परे नयाँ खेलाडी उत्पादन गर्नै सकिन्न ।' *रासस*



**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# ‘मुलुक इतिहासकै डरलाग्दो आर्थिक संकटमा छ’



■ प्रभाव संवाददाता

**बुटवल–** पूर्वअर्थमन्त्री तथा नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले यो सरकारले सत्ता सम्हाले पछि मुलुक इतिहासकै डरलाग्दो आर्थिक संकटमा पुगेको बताएका छन् ।

नेपाल उद्योग तथा व्यवसायी महासंघको भेलामा उनले नाकाबन्दी, भूकम्प तथा कोरोना महामारीको अवस्थामा समेत नदेखिएको आर्थिक संकट अहिलेको देखिएको बताए । उनले वर्तमान सरकारको अक्षमता र अकर्मण्यताका कारण मुलुक यो अवस्थामा पुगेको भन्दै सरकारबाटै निजी क्षेत्रको घाँटी निमोठ्ने काम भएको टिप्पणी गरे । उनले सरकारको गलत आर्थिक नीतिका कारण नीजि क्षेत्र पलायन हुने तथा श्रमिकहरू रोजगारीबाट पलायन हुने अवस्थामा आइपुगेको बताए । पौडेलले आफू अर्थमन्त्री हुँदा ४ दशमलव २ प्रतिशतमा रहेको मूल्यवृद्धि दर अहिले ८ दशमलव १ प्रतिशमा पुगेको र संकटग्रस्त अवस्थामा रहेको आर्थिक क्षेत्रको सुधारका समेत कार्यक्रम समावेश गरेर एमालेले प्रतिवद्धता पत्र जारी गर्ने बताए ।

सरकारले बैंकको ब्याजदरमा उच्चवृद्धि गरेपछि आन्दोलनरत उद्योगी व्यवसायीहरूको मागप्रति ऐक्यवद्धता जनाउँदै उनले उनीहरूको माग पूरा गराउनका लागि आफ्नो साथ रहेको उल्लेख गरे । कोरोना महामारीले धरासायी भएका निजी क्षेत्र तथा उद्योगी व्यवसायीलाई सरकारबाटै ढाडमा हान्ने काम भएको भन्दै पौडेलले मूल्यवृद्धि नियन्त्रण गर्न नसक्नु तथा ब्याजदर वृद्धिको आलोचना गरे ।

अस्वभाविक रूपमा करको दर हेरफेर, बैंक ऋणको ब्याजदरमा उच्च वृद्धि लगायत कारणले नीजि क्षेत्रलाई सरकारबाटै आतंकित बनाउने काम भएको भन्दै उद्योगी व्यवसायीहरूले यस्ता विषयमा राज्यले विशेष कदम चाल्नुपर्नेमा उल्टो सेटिङमा केन्द्रित रहेको भन्दै गुनासो गरेका थिए ।

उद्योगी, व्यवसायीहरूले विद्यमान आर्थिक संकटको समाधानका लागि उपयुक्त उपायको अबलम्न गर्न आग्रह गरेका छन् ।

# कर्णालीका तीन सय मतदानस्थल अतिसंवेदनशील

**सुर्खेत (भेरीगंगा)–** सुरक्षाका दृष्टिकोणले कर्णाली प्रदेशका सात जिल्लाका करिब तीन सय मतदानस्थल अतिसंवेदनशील मानिएका छन् । आगामी मंसिर ४ गते हुने प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनका लागि दुई सय ६७ वटा मतदानस्थल अतिसंवेदनशील मानिएका हुन् । जिल्लाका निर्वाचन सुरक्षा समितिले तयार पारेका प्रतिवेदनका अनुसार सबैभन्दा बढी अतिसंवेदनशील मतदानस्थल कालीकोटमा रहेका छन् । कालीकोटमा ७४ वटा मतदानस्थल अतिसंवेदनशील मानिएका छन् ।

त्यसमध्ये, सल्यानमा ६३, दैलेखका ४८, सुर्खेतका २०, रुकुमपश्चिमका २१, डोल्पामा २३ र जाजरकोटका १८ मतदानस्थल अतिसंवेदनशील रहेको जिल्ला निर्वाचन सुरक्षा समितिले जनाएका छन् । जिल्ला निर्वाचन सुरक्षा समितिका अनुसार सात जिल्लाका तीन सय २५ मतदानस्थल संवेदनशील रहेका छन् । जसमध्ये, सुर्खेतका छ, दैलेखका ६२, सल्यानका तीन, रुकुमपश्चिमका ४३, डोल्पाका २६, कालीकोटका २८ र जाजरकोटका ४२ वटा मतदानस्थल संवेदनशील देखिएका छन् । प्रदेशभर एक सय ३८ वटा मतदानस्थल भने सामान्य रहेका छन् । कर्णालीका अन्य तीन जिल्ला जुम्ला, मुगु र हुम्लामा भने विपत्का कारणले गर्दा अहिले मतदानस्थलको अवस्था बुझ्न नसकिएको बताएका छन् । अबको केही दिनमै मतदानस्थलको अवस्थाका बारेमा जानकारी लिने जिल्ला निर्वाचन सुरक्षा समितिले जनाएका छन् । कर्णालीमा आगामी निर्वाचनका लागि प्रदेशभर नौ सय ३३ मतदानस्थल र एक हजार चार सय तीन मतदान केन्द्र निर्धारण गरिएको छ । आयोगका अनुसार कर्णालीमा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि प्रदेशभर १० लाख आठ हजार चार सय तीन मतदाता रहेका छन् । कर्णालीमा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि आवश्यक तयारीलाई तीव्र पारिएको छ । यता निर्वाचनलाई भयरहित र शान्तिपूर्ण बनाउन सुरक्षा व्यवस्थालाई कडाइ गर्नेगरी तयारी गरिएको जिल्ला निर्वाचन सुरक्षा समितिले बताएका छन् ।

समितिका संयोजकसमेत रहेका सुर्खेतका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले अतिसंवेदनशील र संवेदनशील निर्वाचन केन्द्रका लागि सुरक्षा व्यवस्था मजबुद बनाइने बताए । उनले भने, ‘सुर्खेतका सन्दर्भमा कुराकानी गर्दा सेनाबाहेक तीन हजारभन्दा धेरै प्रहरी निर्वाचनका लागि परिचालन हुँदैछन् । जिल्लामा निर्वाचनका बेला शान्तिसुरक्षा कायम गर्न हाम्रो तयारी तीव्र छ ।’ *रासस*

## दाहाल–नेपाललाई...

पृष्ठ १ बाट जारी

भए कसैले पनि केपी ओलीलाई पछार्न सक्ने थिएन । त्यसैले केपी ओली गठबन्धनलाई हराउन सहमतिअनुसार भोट हाल्नुपर्छ । कसैले पनि हिच्किचाउनु पर्दैन,’ अध्यक्ष नेपालले विराटनगरमा भने ।

नेपाल नेतृत्वको दल एमालेबाट विभाजन भएर बनेको हो । संसद्मा चौंथो दलको हैसियतमा छ । आगामी ४ मंसिरमा हुने चुनावपछि पनि सोही हैसियतको दल बन्ने जिकिर अध्यक्ष नेपालले गरिरहेका छन् । तर, मत कांग्रेसका मतदाताबाट नआउने हुन् कि भन्ने उनलाई पिर छ । गठबन्धनको संयुक्त चुनावी सभामा प्रस्ट ढंगले त्यसबारे नै शंका गरिरहेका छन् ।

नेपालको दल स्थापना भएको एक वर्ष नाघेको छ । तल्ला तहसम्म पार्टीको संरचना सबै ठाउँमा बनिसकेका छैनन् । दाहालको दल माओवादी केन्द्रको भने तल्ला तहसम्मै संरचना छ । यद्यपि, ठूला दलबाट साना दलका उम्मेदवारलाई मत ‘ट्रान्सफर’ खासै नहुने गरेको स्थानीय चुनावको मत परिणामले देखाएको छ । जसका कारण दाहाल र माधवले कांग्रेसबाट मत नआउने हो कि भनेर शंका गरिरहेका हुन् ।

# ‘आउँदो चुनावले ओलीको पार्टीलाई बिदाइ गर्नेछ’

■ प्रभाव संवाददाता

**दाङ–** दाङ क्षेत्र नम्बर १ का सत्ता गठबन्धनका साझा उम्मेदवार एवं सहरी विकासमन्त्री मेटमणि चौधरीले आगामी निर्वाचनले एमालेको बिदाइ गर्ने बताएका छन् । लमही नगरपालिकाका विभिन्न वडामा बाम लोकतान्त्रिक गठबन्धन दलको संयुक्त कार्यालय उद्घाटनपछि आयोजित कोण सभालाई सम्बोधन गर्दै मन्त्री चौधरीले उक्त धारणा राखेका हुन् ।

जनताको अभिमतको अपमान गर्दै केपी ओलीले जनताले निकै ठुलो बलिदानी गरेर निर्माण गरेको संघीय गणतन्त्र नेपालको संविधानलाई समाप्त पार्न खोजेकाले आगामी चुनावमा एमाले धुलोपिठो हुने उनको भनाइ थियो ।

‘जब जब मुलुकमा व्यवस्थासँग जोडिएको विषय आउँछ तव तव बाम लोकतान्त्रिक गठबन्धन निर्माण भएको इतिहास छ । एमाले अध्यक्ष ओलीले अहिलेको व्यवस्था विरुद्ध निरन्तर प्रहार गरेकाले अहिले पनि हाम्रो गठबन्धन बनेको छ । ०६२/६३ मा हामी एक हुँदा राजतन्त्र समाप्त भए जस्तै २०७९ को चुनावले ओलीको पार्टीलाई बिदाइ गर्नेछ ।’ मन्त्री चौधरीले सुनाए ।

गठबन्धन दललाई जिताउने भनेको शान्ति, संविधान, कानुनी राज्य, समावेशी प्रणाली जोगाउने विषय भएको बताउँदै मन्त्री चौधरीले गठबन्धन दलका सबै नेता कार्यकर्ता एउटै मन भएर चुनावमा होमिएको बताए ।

‘देश बचाउन, व्यवस्था बचाउन गठबन्धन बनेको कुरा जनताले बुझिसकेका छन् । र जसले यो व्यवस्था समाप्त पार्न खोज्यो उसलाई जनताले चुतावमा समाप्त पार्ने छन् ।’ मन्त्री चौधरीले प्रष्ट्याए ।

त्यस्तै मन्त्री चौधरीले आधुनिक देउखुरीका लागि आफुले ल्याएका योजनाहरूका कारण देउखुरीको मुहार फेरिने बताएका छन् । नेपाली कांग्रेस गढवाले शुक्रबार आयोजना गरेको पालिका स्तरीय कार्यकर्ता भेलालाई सम्बोधन गर्ने क्रममा मन्त्री चौधरीले सो धारणा राखेका हुन् । १० अर्बको लागतमा राप्ती कोरिडोर निर्माणको प्रक्रिया अघि बढेको बताउँदै मन्त्री चौधरीले भने, ‘राप्ती कोरिडोर आयोजना अन्तर्गत नदीको दुवैतर्फ तटबन्ध बन्ने छ । जसका कारण बाढीको समस्या सदाका लागि हल हुनेछ । त्यसका साथै सैयौं विघा जग्गा जनताको हातमा आउने छ । नदीको दुवैतर्फ फराकिला बाटा, हरियाली कायम हुनेछ । नदी किनारमा आधुनिक शहर निर्माण हुनेछ । पर्यटनको प्रवर्द्धन हुनुका साथै आयस्रोतका अनेक बाटाहरू खुल्नेछन् ।’

राप्ती कोरिडोर गेम चेन्जर परियोजना रहेको बताउँदै मन्त्री चौधरीले सीमा नाका जोड्ने बाटो निर्माण, श्रीनगर चोकदेखि स्वर्गद्धारी जोड्ने ५५ किलोमिटरको बाटो निर्माण, बनगाउँदेखि स्वर्गद्धारी जोड्ने केवलकार निर्माण, घाराहीलाई केन्द्र मानी मुख्य सहर जोड्ने पोड वे लगायतका परियोजनाका कारण देउखुरीको मुहार फेरिने बताए ।


**Royal Kathmandu Himalaya Beverage Pvt.Ltd.**
Sanga, Kavre

**Price List 2079/80 (Effective From : 2079/07/06)**

Vat no.304502613
Excise no. 304502613-69-50955

| S. N. | Brand Name | Packaging | Stockist Price | Margin | RD Price | Margin | Dealer Price | Margin | W/S Price | Margin | Retail Price | Margin | Customer Price | MRP |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bigmaster Box wine Red / White Wine | 4*4ltrs | 11218.19 | 673.09 | 11,891.28 | 594.56 | 12,485.84 | 749.15 | 13,234.99 | 330.87 | 13,565.87 | 1,034.13 | 14,600 | 3,650 |

Royal Kathmandu Himalaya Beverage Pvt. Ltd. Sanga, Kavre ले उपरोक्त उल्लेखित दररेट आर्थिक वर्ष २०७९/८० को लागि मिति: २०७९/०७/०६ बाट लागु हुने सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरेको छ । उपरोक्त दर रेटमा मु.अ.कर समेत समावेश गरिएको छ ।


# Invitation for Bids
## Tribeni Rural Municipality
## Office of Rural Municipality Executive,
Simrutu, Kharaneta Rukum (west)
Karnali Province

## Invitation for Bid Bimaicha Syanakhark Betkhola Barkotedhuri Gairineta Road Construction Works for Tribeni Rural Municipality

**Date of publication:- 23rd Oct, 2022**

***Last date of bid Submission:- 12:00 AM on 22nd Nov, 2022***
***Date of bid opening:- 01:00 PM on 22nd Nov, 2022***

1. Tribeni Rural Municipality, Office of Rural Municipality Executive, Simrutu, Kharaneta Rukum (West) invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table under National Competitive Bidding Procedures.

| S.N | Contract Identification No. | Description of Work | Estimated Cost Excluding VAT and contingencies (Nrs.) | Price of bid Document (Nrs.) | Bid Security Amount (Nrs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | TRM-BSBBGS/ NCB/02/2079/080 | Bimaicha Syanakhark Betkhola Barkotedhuri Gairineta Road Construction Works for Tribeni Rural Municipality | 16989738.13/- | 3000.00/- | 480000.00/- | |

Information to deposit the Cost of Bidding Document in Bank:

**Name of the Bank:- Laxmi Bank Limited, Tribeni Branch, Rukum(west)**
**Name of office :-Tribeni Rural Municipality, Office of The Rural Municipality Executive, Simrutu, Kharaneta, Rukum (west)**
**Account No.:-08703000156**
**Account Name:-Rajaswa khata**
**Information to deposit the Bid-Security Amount**
**Name of the Bank:- Laxmi Bank Limited, Tribeni Branch, Rukum(west)**
**Name of office :- Tribeni Rural Municipality, Office of The Rural Municipality Executive, Simrutu, Kharaneta, Rukum (west)**
**Account No.:-08703000084**
**Account Name:-Dharauti khata**

2. Pre-Bid meeting shall not be held.
3. Bids must be submitted through e-GP system. Bids received after **12:00 hours** on *22 Nov.,2022* will be rejected.
4. The bids will be opened in the presence of the Bidder's representatives who choose to attend at **13:00 hours** on *22 Nov.,2022* at the office of Tribeni Rural Municipality, Kharaneta-3, Rukum (west).
5. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to minimum of as mentioned in Table above which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of bid submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Other mandatory information as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064.
8. Employer Address:
   The employer is: **Tribeni Rural Municipality, Rukum (west)**
   E-mail Address: ***tribenigp@gmail.com***

**Prem Bahadur Gharti**
**Chief Administrative Officer**

# प्रभाव दैनिक





## सलमान खानलाई डेंगु

बलिउड अभिनेता तथा टेलिभिजन रियालिटी शो 'बीग बोस १६' का होस्ट सलमान खानलाई डेंगु संक्रमण भएको छ। सलमानलाई डेंगु भएपछि केही हप्ता यो शो निर्माता तथा निर्देशक करण जोहारले सञ्चालन गर्ने भएका छन्। डेंगुले लामो समय अस्वस्थ बनाउने भएपछि सलमान केही समयका लागि आराम गर्ने मनस्थितिमा छन्। करणलाई शोको होस्टको जिम्मेवारी दिने भनिए पनि करणको तर्फबाट हालसम्म कुनै प्रतिक्रिया आएको छैन। तर निर्माताले भने करणले शो होस्ट गर्ने निश्चित भइसकेको दाबी गरेका छन्।




आइतबार, ६ कात्तिक २०७९ (Sunday, October 23, 2022)


# १५ पुसमा तीन चलचित्र

■ प्रभाव संवाददाता




**काठमाडौं–** आगामी मङ्सिर ४ हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको चर्चाले चलचित्रको प्रचारप्रसारमा असर पार्ने देखिएकाले उक्त महिनामा नेपाली चलचित्रहरूको प्रदर्शन तोकिएको छैन। यही कात्तिक ४ गते दुई चलचित्र के घर के डेरा र नालापानी प्रदर्शन हुँदा मङ्सिरमा प्रदर्शन नहुनुलाई निर्वाचनको रौनक बढेसँगै चलचित्रका गतिविधि छायाँमा पर्ने डर हुनसक्ने निर्माता तथा कलाकार रवीन्द्रसिंह बानियाँले बताए। उनले आफू निर्मित चलचित्र 'महापुरुष' लाई कात्तिकमै प्रदर्शन गर्नाको कारण आउँदो निर्वाचनसँगै विश्वकप फुटबल रहेको जानकारी दिए।

'जाडोको समय, चुनावी रौनक लगत्तै विश्वकप फुटबलका साथै आउँदो डिसेम्बर र जनवरी महिनामा ठूला विदेशी चलचित्र आउने भएकाले पनि नेपाली चलचित्र प्रदर्शन तय नगरिएको हुनसक्छ', निर्माता बानियाँले भने। नेपालमा निर्वाचनभन्दा पनि विश्वकपले बढी असर गरेको पाइएको लेखक तथा निर्देशक लक्ष्मण सुवेदीले बताए। उनले भने, 'यस अगाडि पनि विश्वकपको समयमा धेरै चलचित्र रिलिज भएका थिएनन्। साथै यसपटक छिमेकी मुलुक भारतका ठूला चलचित्रहरू पनि छन्।'

आउँदो पुस १५ मा भने तीन चलचित्र प्रदर्शन गरिने घोषणा गरिएको छ। बलिउडको चलचित्र नआउने भएपछि 'डिसेम्बर फल्स', 'चि मुसी चि' र 'कौसीद'को प्रदर्शन गर्ने घोषणा भइसकेको छ। शिर्षकमै कथा जोडिएकोले आफ्नो चलचित्र 'डिसेम्बर फल्स' लाई डिसेम्बरकै अन्तिम साता प्रदर्शन गर्न लागिएको निर्माता रामप्रसाद रिजालले बताए। 'हाम्रो छायाङ्कनलाई कोरोनाका कारण भएको लकडाउनले असर गरेको थियो। अहिले काम सकाएपछि नामसँगै मिल्दोजुल्दो प्रदर्शन मिति तय गरेका हौं', निर्माता रिजालले भने, 'सस्पेन्स र थ्रीलर कथामा आधारित चलचित्र तयार भएको छ।'

ऋचा शर्माले आफू अभिनित तथा निर्मित चलचित्र 'कौसीद' ऋणको चपेटामा परेको पात्रको जीवनको भोगाइ देखाइएको बताए। उक्त चलचित्रमा उनीसँगै भोलाराज सापकोटा, रूपेश दाहाल, परिक्षितविक्रम राणा, सदीक्षा गौतम, निर्भिक भट्टराई, सागर भट्टराईले अभिनय गरेका छ। हरर थ्रिलर कथामा 'चि मुसी चि' निर्माण भएको निर्देशक मार्ना जेम्सले जानकारी दिए। 'यश सैनीसँग मिलेर मैले फिल्म निर्देशन गरेकी छु। सहायक हुँदै निर्देशनमा डेब्यु गरेकी हुँदा यो चलचित्र मेरा लागि खास छ', निर्देशक जेम्सले भने। उक्त चलचित्रमा प्रियङ्का कार्की, ऋचा शर्मा, बेनिशा हमाल, आयुष्मान देशराज जोशी, राजन खतिवडा, रविन्द्र झा, गौरव विष्टलगायत कलाकारको अभिनय रहेको छ। नेपाल चलचित्र सङ्घका महासचिव नरेन्द्र महर्जनले एउटै समयमा तीन चलचित्रको प्रदर्शन तय हुनु राम्रो नहुने बताए। 'हाम्रो बजारका लागि तीन चलचित्र आवश्यक छैन। अगाडि पछाडिको शुक्रबार खाली हुँदा हुँदै पुस १५ मै तीन चलचित्र प्रदर्शनको घोषणा गर्नु विदेशी चलचित्र नभएको कारण हुनसक्छ', महासचिव महर्जनले भने।

# भट्टलाई राष्ट्रिय आख्यान पुरस्कार

**काठमाडौं (प्रस)–** 'छाइल' उपन्यासका लेखक लोकराज भट्टलाई यस वर्षको कविडाँडा राष्ट्रिय पुरस्कार प्रदान गरिएको छ। चितवनको कविडाँडा साहित्य समाजले सो पुरस्कार डोटीका उपन्यासकार भट्टलाई प्रदान गरेको हो।

समाजका कार्यवाहक अध्यक्ष उदय अधिकारीले आयोजित कार्यक्रममा नगद २५ हजार एक सय ६० रूपैयाँ राशिको पुरस्कार भट्टलाई प्रदान गरिएको जानकारी दिनुभयो। यो पुरस्कारबाट अहिलेसम्म चार जना आख्यानकार सम्मानित भइसकेका छन्।

आगामी वर्षदेखि यो पुरस्कारको राशि एक लाख २५ हजार बनाइने कविडाँडा साहित्य समाजका अध्यक्ष एलबी क्षेत्रीले जानकारी दिए। आख्यानको क्षेत्रमा यो पुरस्कार नेपालकै सबैभन्दा धेरै धनराशिको हुने उनको भनाइ छ। आख्यान क्षेत्रका नयाँ लेखकलाई प्रोत्साहित गर्न पुरस्कार दिने व्यवस्था गरिएको साहित्यकार क्षेत्रीले बताए। कार्यक्रममा साहित्यकार तथा समालोचक उदय अधिकारीको नयाँ पुस्तक 'लिटल भोल्कानो' सार्वजनिक गरिएको छ। वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका प्राध्यापक तथा कवि डा. हरिहर पौडेलले सो पुस्तक सार्वजनिक गरेका हुन्। अङ्ग्रेजी तथा नेपालीमा लेख्ने अनुवादक तथा साहित्यकार महेश पौडेलसँग गरिएको लामो अन्तरवार्ता पुस्तकमा समावेश गरिएको छ।

# डा. कैनीका पाँच कृति सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** साहित्यकार डा. बच्चुकैलाश कैनीका पाँच कृति विमोचन गरिएका छन्। नेपाल क्यान्सर अस्पताल एण्ड रिसर्च सेन्टरका प्रमुख कार्यकारी अधिकृत (सिईओ) डा कैनीद्वारा लिखित निबन्ध सङ्ग्रह 'अदृश्य मनका सादृश्यहरू', कथासङ्ग्रह 'भिसागर्ल', गजल सङ्ग्रह 'प्रतिबिम्ब', कवितासङ्ग्रह 'सीमाहीन सीमा' र 'रङ्गको पहिचान' शनिबार विमोचन गरिएको हो।

उक्त कृतिको विमोचन गर्दै वरिष्ठ साहित्यकार प्राडा अभि सुवेदीले डा कैनीको कृतिले नेपाली साहित्य जगतमा नयाँ इँटा थपिएको बताए। 'हरेक कृतिमा जीवनलाई सहज ढङ्गले लेखेको पाइयो, फराकिलो क्यान्भासलाई छोटकरीमा लेखिएको छ', उनले भने।

वरिष्ठ मुटुरोग विशेषज्ञ एवं साहित्यकार डा भगवान कोइरालाले एकैपटक धेरै कृति नेपाली साहित्य जगतमा ल्याउनु उल्लेखनीय कार्य भएको बताए। उनले लेखक डा कैनीलाई आगामी कृति लेखनको शुभकामनासमेत दिए। 'अदृश्य मनका सादृश्यहरू' निबन्ध सङ्ग्रहबारे चर्चा गर्दै नियात्रा समाज नेपालका अध्यक्ष प्रतीक ढकालले निबन्धकार डा कैनीले मनका कुरा निबन्धमार्फत प्रस्तुत गरेको बताए। उनले कृतिले लेखकलाई सँधैभर अमर राखेको उल्लेख गरे।

'भिसागर्ल' कथासङ्ग्रहमाथि चर्चा गर्दै वरिष्ठ साहित्यकार शिव प्रकाशले प्रवासमा बसेर लेखिएका कृतिमा नेपालीपन घुस्ने गरेको बताए। उनले समग्रमा कथासङ्ग्रह राम्रो भएपनि केही कथाहरू हतारमा लेखिएको भान पाठकमा भएको उल्लेख गरे।

'सीमाहीन सीमा' र 'रङको पहिचान' कविता सङ्ग्रहमाथि चर्चा गर्दै कवि प्राडा खुमनारायण पौडेलले ५०/५० कविता समावेश भएका दुईवटै कृति सरल भाषामा लेखिएका बताए। उनले कविताभित्र राजनीति, प्रकृति र व्यंग्य भएको उल्लेख गरे।

वरिष्ठ समाजसेवी एवं पूर्वराज्यमन्त्री अमरराज कैनीले सामान्य परिवारमा जन्मेर बेलायतमा विद्यावारिधी गरेका डा. कैनीले अस्पताल व्यवस्थापन बाहेक नेपाली साहित्यमा देखाएको रुची सराहनीय भएको बताए। उनले डा कैनी बहुप्रतिभाका धनी भएको उल्लेख गरे।

साहित्यकार प्रभा कैनी, आवरण प्रकाशनका अध्यक्ष रमेश पौडेल, नेपाल क्यान्सर अस्पताल हरिसिद्धीका अध्यक्ष डा सुदिप श्रेष्ठलगायतले अस्पताल व्यवस्थापनमा विज्ञता हासिल गरेका डा कैनीले अस्पताल व्यवस्थापनका बाबजुद साहित्यमा कलम चलाएकामा खुसी व्यक्त गरे।

लेखक डा कैनीले २०४० सालको दशकदेखि कविता लेख्दै आएको उल्लेख गर्दै आगामी दिनमा पनि नयाँ कृति प्रकाशन गर्दै जाने प्रतिबद्धता व्यक्त गरे। उनले विमोचन भएका कतिपय कृतिहरू बेलायतमा हुँदा नै लेखिएको स्पष्ट पारे। तनहुँको ब्यास नगरपालिका-१२ कमलबारीमा जन्मिएका डा कैनीले ग्रीनवीच युर्निभर्सिटी लण्डनबाट अस्पताल व्यवस्थापनमा विद्यावारिधी गरेका छन्। उनले यसअघि प्रिन्सिपल अफ हस्पिटल म्यानेजमेन्ट, फाइनान्सियल म्यानेजमेन्ट र मेरो रहरलगायत पुस्तक प्रकाशन गरिसकेका छन्।

टी-२० विश्वकप

# न्यूजिल्याण्डसँग अस्ट्रेलिया पराजित




■ प्रभाव संवाददाता

**काठमाडौं–** अस्ट्रेलियामा जारी रहेको आठौं संस्करणको टी ट्वान्टी विश्वकपमा घरेलु टोलीले हारबाट प्रतियोगिताको सुरुवात गरेको छ। आयोजक तथा डिफेन्डिङ च्याम्पियन अस्ट्रेलिया प्रतियोगितामा न्युजिल्याण्डसँग ८९ रनले पराजित भएको हो। सिड्नी क्रिकेट मैदानमा २ सय १ को लक्ष्य पछ्याएको अस्ट्रेलियाले १७ दशमलब १ ओभरमा अलआउट हुदै १ सय ११ रन मात्र बनाउन सक्यो।

अस्ट्रेलियाका लागि ग्लेन म्याक्सवेलले २० बलमा २८ रन तथा प्याट कमिन्सले १८ बलमा २१ रन बनाए। मिचेल मार्शले १२ बलमा १६ रन बनाए। आरोन फिन्चले १३ तथा टिम डेबिडले ११ रन बनाए। अस्ट्रेलियालाई कम रनमा रोक्न न्युजिल्याण्डका मिचेल स्यान्टेनरले ४ ओभरमा ३१ रन खर्चिएर ३ विकेट लिए।

टिम साउथीले २ दशमलव १ ओभरमा ६ रन दिएर ३ विकेट लिए। ट्रेन्ट बोल्डले ४ ओभरमा २४ रन दिएर २ विकेट लिए। लक्कि फगुर्सन र ईश सोधीले समान १-१ विकेट लिए।

त्यसअघि पहिले ब्याटिङ गरेको न्युजिल्याण्डले २० ओभरमा ३ विकेट गुमाएर २ सय रन बनाएको थियो। न्युजिल्याण्डका लागि ओपनर डेबिड कन्वेले ५८ बलमा ७ चौका र २ छक्काको मद्दतले अविजित ९२ रनको अर्धशतकिय इनिङ खेले।


## Godawari Municipality

### Office of the Municipal Executive

Attariya, Kailali

Sudurpaschim Pradesh, Nepal

## INVITATION FOR ONLINE BID

(Notice No: 01-W/079/80)

Date of First Publication: 2079-07-06 (23rd Oct, 2022)

1. Godawari Municipality, Kailali, invites bids from eligible bidders for following works:

| S.N | Contract Identification Number | Description of Works | Bid Security Validity Period | Estimated Cost (including:VAT,PS) (NRs.) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | GM/NCB/W/01/2079/80 | Construction Work of blacktop road at different places of ward no 1 | 90 days | 5837443.85 | 130000.00 | 3000 |
| 2 | GM/NCB/W/02/2079/80 | Construction Work of blacktop road at different places of ward no 2 & 4 | 90 days | 8730828.75 | 195000.00 | 3000 |

2. Purchase, Submission and Opening :

| Purchase of Bid | | Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | |
| 2079/08/06 | 12:00 | 2079/08/06 | 12:00 | 2079/08/06 | 14:00 | Bidders may download the bidding documents and submit their bids electronically through e-procument section of PPMO's Website www.bolpatra.gov.np/egp. For e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified above. |

3. **Revenue Details/ Bid Security Details:**

| Account holder's Name | Bank Name and Address | Account Number ( for bid security) | Revenue Heading No (for bid purchasing) |
|---|---|---|---|
| Godawari Municipality Office, Attariya, Doti | Nic Asia bank Ltd, Attariya, Kailali | 7141498622524001 | 0712051498622011 |

4. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. Forfurther information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Godawari Municipality, Kailali.
5. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 (First Amendment, 2073) and PublicProcurement Regulation 2064 (9th Amendment, 2076) and other prevailing rules and regulation of Nepal.

# नौ महिने छोरीको हत्या गर्ने बाबुलाई मृत्युदण्ड

**म्याकलेस्टर (ओक्लाहोमा)–** ओक्लाहोमामा नौ महिनाकी छोरीको हत्या गरेको अभियोगमा एक पितालाई २० वर्षपछि मृत्युदण्ड दिइएको छ।


बेन्जामिन कोल गम्भीररूपमा मानसिक बिरामी भएको उनको वकिलहरूले दाबी गरे पनि ओक्लाहोमाको म्याकलेस्टर कारागारमा तीनवटा घातक औषधिको माध्यमबाट उनलाई मृत्युदण्ड दिइएको हो। गत वर्षदेखि ओक्लाहोमा राज्यमा मृत्युदण्डको सजाय पुनः लागू भएपछि मृत्युदण्ड पाउने उनी छैटौं कैदी हुन्।

स्ट्रेचरमा बाँधिएका कोलले इशा मसीहलाई केही क्षण सम्झिएका थिए। त्यसपछि उनलाई १० बजेर छ मिनेट जाँदा घातक औषधि दिइएको थियो। दश बजेर १२ मिनेट जाँदा उनी बहोस भइसकेका थिए। त्यसपछि पनि मृत्यु कक्षमा उनी घुरेको आवाज सुनिएको थियो। अन्ततः कारागार प्रशासनले १० बजेर २२ मिनेटमा उनलाई मृत घोषणा गऱ्यो।

कोलले सन् २००२ मा आफ्नी नौ महिनाकी छोरी ब्रायना कोललाई जबरजस्ती पछाडि झुकाएर उनको मेरुदण्ड भाँच्नका साथै रक्त धमनी च्यातेर मारेका थिए। गम्भीररूपमा मानसिक बिरामी उनले उक्त अपराध गरेको उनका वकिलहरूले स्वीकार गरेका छन्। मृत्युदण्डबाट बचाउन राज्यको क्षमादान समितिसमक्ष गरिएको अपिलका पक्षमा एक मत परेका थियो भने विपक्षमा तीन जनाले मतदान गरेका थिए। नवजात शिशुको हत्याबाट पीडित भएका परिवारका सदस्यले समितिसमक्ष क्रुर हत्याका निम्ति कोलले मृत्युदण्ड पाउनुपर्ने दलिल प्रस्तुत गरेका थिए। भिडियो गेम खेलिरहेका बेला छोरी रोएपछि आक्रोशित भएका उनले शिशुको ज्यान लिएका थिए। अभियोजकहरूले पनि कोल गम्भीर मानसिक बिरामी नभएका र संविधान तथा न्यायशास्त्रमा उनको मृत्युदण्ड रोक्ने कुनै व्यवस्था नभएको बताएका छन्। *रासस/एपी*

# जापान र अस्ट्रेलिया रक्षा सहयोग बढाउन सहमत

**पर्थ–** जापानी प्रधानमन्त्री फुमियो किशिदा र उनका अस्ट्रेलियाली समकक्षी एन्थोनी अल्बानीज एसिया-प्रशान्त क्षेत्रमा चीनको बढ्दो प्रभावका बीच दुई राष्ट्रबीच व्यावहारिक रक्षा सहयोग बढाउन सहमत भएका छन्।



अस्ट्रेलियाको तीन दिने भ्रमणमा रहेका किशिदाले अल्बानीजसँगको संयुक्त घोषणापत्रमा हस्ताक्षर गर्दै जापान र अस्ट्रेलियाले अन्तर्राष्ट्रिय नियम र मापदण्ड उल्लंघन गर्ने देशविरुद्ध कारबाही गर्न सहमत भएको क्योडो समाचार एजेन्सीले उल्लेख गरेको छ।

चिनियाँ राष्ट्रपति सी तेस्रो कार्यकालका लागि निर्वाचित हुँदै गर्दा चीनले ताइवानविरुद्ध आफ्नो सैन्य उत्तेजकतालाई तीव्र पार्ने चिन्ताका बीच उनहरूबीच सो सम्झौता बाहिर आएको हो। पछिल्लो घोषणामा, किशिदा र अल्बानीजले पूर्वजापानी प्रधानमन्त्री शिन्जो आबेले वकालत गरेको 'स्वतन्त्र र खुला इन्डो-प्यासिफिक'को महत्त्वबारे पुनःपुष्टि गर्नेर खालको आशय अभिव्यक्त गरेका छन्।

सी पुनःनिर्वाचित भएपछि बेइजिङको कूटनीतिक नीति कसरी परिवर्तन हुनसक्छ भन्ने अध्ययनको विषय भएकाले दुई नेताले सो घोषणामा उक्त विषयलाई कूटनीतिकरूपमा सम्बोधन गरेका छन्। सन् २००७ मा, आबे र तत्कालीन अस्ट्रेलियाका प्रधानमन्त्री जोन होवार्डले 'साझा रणनीतिक चासो र सुरक्षा'लाई मान्यता दिने कागजातमा हस्ताक्षर गरेका थिए।

अस्ट्रेलियाको यात्राअघि, किशिदाले शुक्रबार टोकियोमा पत्रकारमाझ, 'जापानका लागि अस्ट्रेलिया महत्त्वपूर्ण राष्ट्र हो, जससँग हामी स्वतन्त्रता र लोकतन्त्रका साथै रणनीतिक हितजस्ता विश्वव्यापी मूल्य-मान्यतामा साझा विचार आदानप्रदान गर्छौं' भन्ने टिप्पणी गरेका छन्। क्योडो समाचार एजेन्सीका अनुसार जापानले अस्ट्रेलियाबाट प्राकृतिक ग्यास, फलाम र अन्य अत्यावश्यक स्रोतहरू आयात गर्ने गर्छ।

यसअघि सिंगापुर पोस्टले जापान, दक्षिण कोरिया, अस्ट्रेलिया र सिंगापुरले आफ्नो सैन्य बजेट र खर्च बढाउँदै आएको उल्लेख गरेको थियो। सेन्काकु टापुहरू (चिनियाँ भाषामा डियाओउ टापु)मा चीनले गरेको दाबीप्रति जापानका मानिसले पहिले नै असन्तुष्टि व्यक्त गरिसकेका छन्।

यसैबीच, किशिदाको सन् २०१८ को अस्ट्रेलिया भ्रमणपछि जापानी प्रधानमन्त्रीको यो पहिलो भ्रमण हो। उनले जनवरीमा अस्ट्रेलिया भ्रमण गर्ने योजना बनाएका थिए। तर, कोभिड-१९ महामारीपछि उनको भ्रमण रद्द गरिएको थियो। किशिदा अक्टोबर २०२१ मा प्रधानमन्त्री बनेका थिए।

अल्बानीजले पदभार ग्रहण गरेलगत्तै आयोजित क्वाड शिखर सम्मेलनका लागि गत मे महिनामा जापानको भ्रमण गरेका थिए। सेप्टेम्बरको अन्त्यमा उनी आबेको राजकीय अन्त्येष्टिमा भाग लिन टोकियोको यात्रामा निस्किएका थिए। *रासस/एएनआई*

# श्रीलंकाली राष्ट्रपतिको अधिकार कटौती

**कोलम्बो–** श्रीलंकाको संसद्ले कार्यकारी राष्ट्रपतिका केही अधिकार कटौती गर्ने गरी संविधानको २२औं संशोधन पारित गरेको छ। संसद्मा दुई तिहाइ बहुमतले पारित गरेको सो संशोधनमा राष्ट्रपतिका केही मुख्य अधिकार कटौती गरिएका छन्।

जम्मा १७४ सदस्यले संशोधनका पक्षमा मतदान गरेका छन् भने विपक्षमा एक मत पनि परेको छैन। यद्यपि, एक जना सदस्यले मतदान प्रक्रियामा सहभागी नभएको श्रीलंकाली मिडिया आउटलेट डेली मिररले उल्लेख गरेको छ।

श्रीलंकालीले गरिरहेका मागमध्ये एउटा प्रमुख माग भनेको २०औं संशोधनको विषय पनि हो। २०औं संशोधनले अधिकांश संवैधानिक अधिकार राष्ट्रपतिलाई फिर्ता ल्याएको थियो जुन यसअघि १९औं संशोधनमा खारेज गरिएको थियो।

श्रीलंकाको संविधानमा १९औं संशोधन (१९ क) पारित गर्दै कार्यकारी राष्ट्रपतिको शक्तिलाई कमजोर बनाउने बनाएको छ। योसँगै २२औं संशोधन जसलाई २१ क नाम दिइएको थियो र २० कलाई प्रतिस्थापन गर्न ल्याइएको थियो।

यो संशोधन यस्तो समयमा आएको छ जुन श्रीलंका सन् १९४८ मा बेलायती शासनबाट मुक्त भएयता सबैभन्दा खराब आर्थिक र राजनीतिक संकटको सामना गरिरहेको छ। विदेशी मुद्रा सञ्चितिको चरम अभावले इन्धन अभाव, विद्युत् कटौती र खाद्यान्नको मूल्यवृद्धिले देशको अर्थतन्त्र टाट पल्टिएको छ भने जनतामा चरम निराशा र आक्रोश छ। *रासस/एएनआई*

# इटालीका प्रथम महिला प्रधानमन्त्रीलाई बधाई

**ब्रसेल्स–** युरोपेली आयोगकी प्रमुख उर्सुला भोन लेयनले दक्षिणपन्थी नेत्री जर्जिया मेलोनी इटालीको प्रथम महिला प्रधानमन्त्री बनेकामा बधाई ज्ञापन गरेकी छन्। साथै, उनले नवनियुक्त प्रधानमन्त्रीसँग सहकार्य एवं रचनात्मक सहयोगका निम्ति तत्पर रहेको बताएकी छन्।

'जर्जिया मेलोनीलाई इटालीको प्रधानमन्त्रीको रूपमा नियुक्ति भएकामा बधाई छ, यो पद सम्हाल्ने उनी पहिलो महिला हुनुहुन्छ,' भोन डर लेयनले ट्वीटमा भनेकी छन्। युरोपका चुनौती सामनाका निम्ति नयाँ सरकारसँग मिलेर काम गर्न आफू सधैं तत्पर रहने पनि उनले बताएकी छन्। त्यसैगरी, युरोपेली संसद्का अध्यक्ष रोबर्टा मेत्सोलाले युरोपलाई इटाली चाहिने बताउँदै नवनियुक्त प्रधानमन्त्रीप्रति बधाई ज्ञापन गरेका छन्। युरोपेली संघको सदस्य इटाली युरोपको तेस्रो ठूलो अर्थतन्त्र भएको मुलुक हो। *रासस/एएफपी*

## राहदानी हरायो

मिति २०७९/०५/१५ गते कोटेश्वरबाट बल्खुसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम थर : **सुजन धामी थारू**
राहदानी नं : **१२२५७६५२**
ठेगाना: **मझौलीया–७, महोत्तरी**
फोन नं : **९८२६८९०९००**

**इन्द्रसरोवर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
कुलेखानी, मकवानपुर

## बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७९/०७/०६)**

यस गाउँपालिकाको वडा नं.३ स्थित श्री वत्सलादेवी मा.वि.को छात्रावास भवन निर्माणको लागि बोलपत्र **(Tender No. IRM/NCB/Building/01/079/080)** सार्वजनिक खरिद अनुगमन कार्यालय **(PPMO)** को वेवसाइट **www.bolpatra.gov.np/egp** मा प्रकाशित भइसकेकोले विस्तृत विवरण सोहि वेवसाइटमा हेरी तोकिएको समयभित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**श्री राजदल गण**
**पाटन ब्यारेक, लगनखेल**

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०७९।०७।०६ गते।**

आर्थिक वर्ष २०७९।०८० मा यस गणको हाताभित्र निम्न बमोजिमको मर्मत सम्भार कार्य गर्नुपर्ने भएकोले e-GP System को माध्यमबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट **www.bolpatra.gov.np/egp** मा हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। विद्युतीय माध्यमबाट सिलबन्दी दरभाउपत्र अपलोड गर्नु पर्ने अन्तिम मिति २०७९।०७।२१ गतेको १२:०० बजेभित्र र खोलुवा सोही मितिको १३:०० बजे यस गणमा हुनेछ।

**सिलबन्दी दरभाउ पत्रको विवरण**

| सि.नं | सूचना नं | कामको विवरण | लागत अनुमान | शिलबन्दी दरभाउपत्र दस्तुर | कै. |
|---|---|---|---|---|---|
| १ | NA/RDBn/2079/80/02 | भौतिक संरचनाहरूको मर्मत संभार तथा स्तरोन्नती | १८,३६,३३५।३० | १०००।०० | |

*थप जानकारीको लागि सम्पर्क नं.०१– ५५२१४४१*

## KAMALAMAI MUNICIPALITY
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

SINDHULI
BAGMATI PROVINCE, NEPAL

## Invitation for e-Bids for the works specified in the table hereunder

Date of publication: 23rd October 2022

1. Kamalamai Municipality, Office of The Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the construction of works specified in the table herewith under National Competitive Bidding procedures. The estimated amounts for the works are as stated in the table herewith.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO Website www.bolpatra.gov.np/egp.
3. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically only, should deposit the cost Nrs. 3,000.00 (Nrs. Three Thousands) non-refundable of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Rastriya Banijya Bank, Sindhuli
   Name of Office : Kamalamai Municipality, Office of the Municipal Executive, Sindhuli
   Office Account no. : 1060100301010003
4. Pre-bid meeting shall be held at Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli at 11:00 A.Mon11thNovember2022.
5. Electronic bids must be submitted to the office Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli by PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 P.M. on 22nd November 2022.
6. The electronics bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 P.M. on 22nd November 2022 at the office of Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli. Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of as specified in the table herewith, which shall be valid for 30 days beyond the validity period of the bid.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract Identification No. | Name of Works | Estimated amount excluding VAT & Contingencies (NRs.) | e-Bid security Amount (NRs.) |
|---|---|---|---|
| KMU/SIN/Work/NCB/11/079/080 | Building Maintenance Work, Kamalamalai Municipality, Sindhuligadhi | 4,039,401.08 | 125,000.00 |
| KMU/SIN/Work/NCB/12/078/079 | Buspark Truss Building Construction, Kamalamai Municipality-6, Sindhuli | 1,972,768.73 | 60,000.00 |
| KMU/SIN/Work/NCB/13/078/079 | Keware-Kerabari Road Upgrading Work, KamalamaiMunicipality-2, 4, 7, Sindhuli | 17,395,189.27 | 528,000.00 |

**(Chief Administrative Officer)**

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९४,००० | प्रति तोला - ९३,५०० | प्रति तोला - १२१५ |

## डिजिटलमार्फत कारोबार बढ्दै

**काठमाडौं (प्रस)–** प्रविधिको प्रयोग र पहुँच बढेसँगै पछिल्लो समय भौतिकरूपमा रूपैयाँ पैसा नै नबोकिकनै कारोबार गर्न सकिने भएको छ ।

पछिल्ला दिनमा विद्युतीय भुक्तानीको कारोबारमा उल्लेख्य वृद्धि हुनुले पनि सो कुराको पुष्टि गरेको हो । कोभिड महामारी अगाडि सामान्यरूपमा मात्रै अगाडि बढेको विद्युतीय भुक्तानी एवं कारोबार भने अपेक्षितरूपमा अगाडि बढेको छ । राष्ट्र बैंकले विद्युतीय भुक्तानीका लागि प्रोत्साहन गरेसँगै यसको प्रयोगमा वृद्धि भएको हो ।

प्राविधिक पूर्वाधारको विकास, कारोबारमा प्रोत्साहन तथा बढ्दो अभ्यासका कारण विद्युतीय भुक्तानीको कारोबारमा वृद्धि भइरहेको देखिन्छ । केन्द्रीय बैंकले सार्वजनिक गरेको पछिल्लो विवरणानुसार चालु आवको दोस्रो महिनामा मात्रै विद्युतीय माध्यम प्रयोग गरी रु ४९ खर्ब बढीको कारोबार भएको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा उल्लेख भएअनुसार भदौ महिनामा मात्रै रु दुई खर्ब ९२ अर्ब ५४ करोड ५० लाखभन्दा बढी रकम कनेक्ट आइपिएसमार्फत कारोबार भएको छ । कनेक्ट आइपिएसको माध्यमबाट अघिल्लो आवको भदौ महिनामा रु दुई खर्ब ३२ अर्ब ५४ करोड ३० लाखको कारोबार भएको थियो ।

## राष्ट्रिय विज्ञापन संघमा श्रेष्ठ

■ प्रभाव संवाददाता

**काठमाडौं–** विज्ञापन व्यवसायसँग सम्बन्धित व्यवसायी धर्मेन्द्र काजी श्रेष्ठको नेतृत्वमा राष्ट्रिय विज्ञापन संघ नेपाल गठन भएको छ ।

विज्ञानपनदाता, सञ्चार माध्यम र उपभोक्ताबीच समन्वय गरी मध्यस्थताको रूपमा कार्य गर्दै प्रचार-प्रसारसँग सम्बन्धित व्यवसायी (विज्ञापन एजेन्सी) लाई एकताबद्ध गरी व्यावसायिक हकहितको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले राष्ट्रिय विज्ञापन संघ नेपाल (नान) को स्थापना गरिएको शुक्रबार पत्रकार सम्मेलन गरी जानकारी दिइएको छ ।




गत असोज २८ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको संघको ११ सदस्यीय तदर्थ समितिको प्रथम उपाध्यक्षमा प्रदीप प्रसाद कोईराला, द्वितीय उपाध्यक्षमा अमृत कुमार पन्थी, महासचिवमा आशिष खड्का र सचिवमा विमल खड्का छन् ।

यसैगरी संघको कोषाध्यक्षमा कमला पौडेल अर्याल, सह-कोषाध्यक्षमा बसन्त योगी तथा सदस्यहरूमा रवि अर्याल, ईन्द्रमणि न्यौपाने, राम बज्राचार्य र गुञ्जमणि भट्टराई छन् ।

संस्था गठन भएसँगै विभिन्न ६७ वटा एजेन्सीहरू सदस्य बनिसकेको संघका महासचिव आशिष खड्काले जानकारी दिए । 'मेरो मात्र नभई हामी र हाम्रो' भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै संघ गठन गरिएकाले सदस्य बन्न चाहने देशैभर छरिएर रहेका आम विज्ञापन एजेन्सीलाई सदस्य बन्न उनले आह्वान समेत गरेका छन् ।

विज्ञापन क्षेत्रमा देखिएका अस्वस्थ प्रतिस्पर्धा, कोरोना महामारीबाट आजित व्यवसायी तथा मुलुकको बिग्रदो आर्थिक अवस्थालाई दृष्टिगत गर्दै त्यस्ता विपत्तीबाट बच्न र बचाउन यस क्षेत्रमा लागेका एजेन्सी, विज्ञापनदाता, तथा सम्बन्धित सरोकार निकायसँग सहकार्य गर्दै अगाडि बढ्ने उद्देश्यका साथ राष्ट्रिय विज्ञापन संघ नेपाल गठन गरिएको बताइएको छ ।

## अन्तर्राष्ट्रिय उडान विस्तार गर्दै नेपाल एयरलाइन्स

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वायुसेवा निगमले सेवा विस्तारका लागि छलफल सुरु गरेको छ । निगमले चीनको ग्वान्जाउ, भारतको अहमदाबाद, सिंगापुर हुँदै अस्ट्रेलिया उडानका लागि छलफल गरेको हो ।

निगमले नेपाल-भारत दुईतर्फी पर्यटन विस्तारका लागि शुक्रबार मुम्बई र बैंगलोर हवाई सेवा तथा पर्यटन सम्बद्ध प्रतिनिधिसँग छलफल गरेको जनाएको छ ।

निगमले स्थापनाकालदेखि नै भारतका विभिन्न गन्तव्यहरूमा उडान गर्दै आएकोमा हाल मुम्बई, दिल्ली र बैंगलोरमा नियमित रूपमा हवाई सेवा दिँदै आएको कार्यकारी अध्यक्ष युवराज अधिकारीले बताए ।

'पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि सरकारले सन् २०२३- २०३३ को अवधिलाई पर्यटन दशकको रूपमा घोषणा गरिसकेको छ । योसँगै निगमको सहभागितामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र निर्माणको अन्तिम चरणमा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा निगमको अग्रणी भूमिका रहने छ,' अधिकारीले भने ।

नेपाल र भारतबीच भौगोलिक निकटता मात्र नभएर जनस्तरमासमेत सामाजिक-सांस्कृतिक सम्बन्ध भएको भन्दै विश्व सम्पदामा सूचीकृत विभिन्न धार्मिक तथा प्राकृतिक सम्पदा र नेपालको प्रमुख कला संस्कृति पर्यटकीय आकर्षणको क्षेत्र रहेको उनले बताए ।

कार्यक्रममा निगमको अर्थ विभागका निर्देशक तथा निगमका कानूनी सल्लाहकार वरिष्ठ वकिल तथा पूर्व महान्यायाधिवक्ता सुशील पन्त, सुपरिचित संगीतकार रणजीत गजमेर, १२० भन्दा बढी ट्राभल एजेण्ट, कार्गो एजेन्ट लगायतको सहभागिता रहेको निगमले जनाएको छ ।






**Balephi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Balephi, Sindhupalchok**

**Invitation for Bids**

**IFB No:- *BRM/NCB-06/2079-080***
**Date of publication: 2079/07/06**

1. ***Balephi Rural Municipality, Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok*** invites sealed bids from Nepalese eligible bidders for the ***Construction of ward no. 2 office building*** under National Competitive Bidding procedures. The estimated amount for the above works is Rs. **9645315.96 *[inclusive VAT and PS]*.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Balephi Rural Municipality, Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok or may visit PPMO website www.bolpatra.gov.np/egp***
3. A complete set of bidding documents may download for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp by eligible Bidders, submitting their bid electronically, should deposit a non-refundable fee of ***Rs. 3000*** till ***2079/08/04, 12:00 PM*** in the office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: NIC Asia Bank
   Name of Office: Balephi Gaupalika
   Office Account no.: **194CA50003570007 (Internal Revenue account)**
4. Pre-bid meeting shall be held at office of ***Balephi Rural Municipality, Office of the Rural Municipal Executive, Balephi Sindhupalchok*** at ***2079/07/25, 11:00 AM***
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00 PM*** on ***2079/08/06.***
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 PM, 2079/08/06*** at the office of ***Balephi Rural Municipality, Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security amounting to a minimum of **Rs.2,50,000.00** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**






प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ